दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गरौं !
जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं !!

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## प्रथम विधान महाधिवेशन
## १५-१७ असोज २०७८, गोदावरी ललितपुर

प्रिय कमरेडहरू !

– हामी आज नवौं राष्ट्रिय महाधिवेशनले व्यवस्था गरे बमोजिम पार्टीको प्रथम विधान महाधिवेशनमा उपस्थित भएका छौं । आरम्भमा म सबै प्रतिनिधि कमरेडहरूलाई हार्दिक स्वागत अभिवादन गर्दछु । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी, प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी सहित आन्दोलनका अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मानका साथ श्रद्धासुमन अर्पण गर्दछु । उहाँहरूको प्रेरणाले हामीलाई लक्ष्यतर्फ अविचलित रूपमा अगाडि बढ्न सदा मार्गदर्शन गरिरहने छ । नेपालको देशभक्तिपूर्ण युद्ध, लोकतन्त्रको निम्ति भएका सङ्घर्ष एवं आर्थिक-सामाजिक रूपान्तरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने संपूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । अग्रगामी परिवर्तनको यात्रामा सहभागिता, त्याग र बलिदानका गाथाहरू सिर्जना गर्ने घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकका परिवारजनसहित समस्त न्यायप्रेमी जनताप्रति उच्च सम्मान र अभिनन्दन व्यक्त गर्दछु ।

– विधान महाधिवेशन हाम्रो पार्टी जीवनमा सुरू गरिएको नौलो अभ्यास हो । विगतमा पार्टीको सर्वोच्च संस्था राष्ट्रिय महाधिवेशनबाट नीति, विधि र नेतृत्व निरूपण हुँदै आएको छ । विधि र नीति निर्माणको विषय नेतृत्व चयनको राप-चापबाट मुक्त रहन सकोस् र यस सम्बन्धी बहस एवं निष्कर्ष वस्तुगत, सन्तुलित र सिर्जनात्मक बन्न सकुन् भन्ने उद्देश्यले यस खालको विशेष प्रबन्ध गरिएको हो । पहिलो पल्ट आयोजित विधान महाधिवेशनलाई सार्थक र परिणाममुखी बनाउन कमरेडहरूले रचनात्मक योगदान पुर्‍याउनु हुनेछ भन्ने विश्वास लिएको छु ।

– हामी सबैलाई थाहै छ, २०७५ जेठ ३ गते नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकीकरण नभएको भए नेकपा (एमाले)को दसौं राष्ट्रिय महाधिवेशन आजभन्दा दुई वर्षभन्दा अगाडि नै सम्पन्न भइसक्ने थियो । एकीकरण पछिका झण्डै तीन वर्ष हामी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कै रूपमा क्रियाशील रह्यौं । एकातिर, सीमित व्यक्तिका निहित स्वार्थ र षडयन्त्रकाका कारण एकीकरण निष्कर्षमा नपुग्नु, र अर्कातिर सर्वोच्च अदालतको २०७७ साल फागुन २३ गतेको फैसलाले दुबै पार्टीलाई एकीकरण पूर्वको अवस्थामा फर्काएपछि आज हामी नेकपा (एमाले) का रूपमा क्रियाशील छौं । तर यो नेकपा (एमाले), राजनीतिक रूपमा एकीकरण र नेकपाको निरन्तरता सहितको तथा त्यसकै

सकारात्मक बिरासत बोकेको पार्टी हो । यो एमाले, एकीकृत पार्टी हो । तसर्थ यो महाधिवेशन, एकीकृत पार्टीको प्रथम विधान महाधिवेशन पनि हो ।

– विधान महाधिवेशन आयोजना गरिरहेको यस घडीमा नेपाली कम्युनिष्ट आन्दोलन सामु नयाँ चुनौती र प्रतिकूलताहरू थपिएका छन् :

  — विशाल संभावना सहित भएको पार्टी एकीकरण भङ्ग भएको छ ।

  — कम्युनिष्ट पार्टीका नाममा केही व्यक्तिहरूले आन्दोलनलाई नै बदनाम गर्ने काम गरेका छन् ।

  — नेकपा (एमाले) बाट केही व्यक्ति बाहिरिएका छन् । उनीहरूले संगठनात्मक अराजकता, पदलोलुपता र फुटलाई प्रश्रय दिइरहेका छन्।

  — हाम्रो पार्टी प्रतिपक्षी भूमिकामा पुगेको छ ।

  — पार्टीका विरूद्ध घेराबन्दी र आक्रमणका नयाँ शृङ्खला सुरू भएका छन्। संविधान, लोकतन्त्र, स्थिरता र एकता, समृद्धिको अभियान एवं राष्ट्रिय हितमाथि आक्रमण बढेको छ र मुलुकको भविष्य जोखिममा परेको छ ।

– हाम्रा सामु दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गर्दै नेपाली कम्युनिष्ट आन्दोलनलाई सही दिशामा अघि बढाउने दायित्व छ । जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादका आधार निर्माण गर्ने अभिभारा छ । अभिभाराहरू पुरा गर्ने हाम्रो यात्रामा खडा भएका माथि उल्लेखित चुनौतिहरूको सामना गर्नु र तिनलाई पराजित गर्नु छ ।

– महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा मैले नवौं महाधिवेशनका निष्कर्षको चर्चा गरेको छु । पार्टी एकीकरण, पार्टीको आन्तरिक जीवनमा देखा परेको प्रवृत्ति तथा समस्याहरूलाई उल्लेख गरेको छु । यस अवधिमा सम्पादित कामको सङ्क्षिप्त समिक्षा सहित वर्तमान राष्ट्रिय र भूराजनीतिक परिस्थितिका मुख्य प्रवृत्तिको विश्लेषण गरेको छु । पार्टीका सिद्धान्त, नीति र कार्यक्रमको अद्यावधिक पुनरावलोकन, परिवर्तित सन्दर्भमा पार्टी निर्माण तथा हाम्रा आगामी कार्यभार जस्ता विषयमा केही प्रस्ताव प्रस्तुत गरेको छु ।

कमरेडहरू !

– २०७१ साउन १ गते मेरो नेतृत्वमा १६१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित भएसँगै नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको थियो । राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान सर्वसम्मती मै पारित भए पनि केन्द्रीय नेतृत्वको निर्वाचन भने निकै जटिल बन्न पुग्यो । जसका कारण एक साताका लागि तय गरिएको महाधिवेशन झण्डै दुई हप्तासम्म लम्बिएको थियो ।

– महाधिवेशन, पार्टीभित्र कुनै नीतिगत मतभिन्नता भएमा त्यसको समाधान गर्ने थलो हो । पारित नीतिको मार्गदर्शन र निर्वाचित नेतृत्वको अगुवाइमा पार्टीमा उन्नत स्तरको एकता र उर्जा निर्माण गर्ने पार्टीको सर्वोच्च निकाय हो । तर नवौं राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनको क्रममा सिर्जित अस्वस्थता र कटुताका असर महाधिवेशनपछि पनि समाप्त हुन सकेन ।

– नवौं राष्ट्रिय महाधिवेशनले निकालेका निष्कर्षहरू आम रूपमा सही थिए । र, निर्धारण गरेका कार्यभारहरू सम्पन्न गरिएका छन् ।

प्रतिनिधि कमरेडहरू !

– आजको अन्तर्राष्ट्रिय परिस्थिति र भूराजनीतिका मूलभूत पक्षहरू नवौं राष्ट्रिय महाधिवेशनले विश्लेषण गरेजस्तै नै छन् । तर यस बीचमा केही नयाँ घटना र प्रवृत्तिको भने विकास भएको छ । जस्तै,

  —— श्रमको स्वरूप र क्षेत्र, श्रम सम्बन्ध र शोषणका स्वरूपमा अकल्पनीय परिवर्तन भएका छन् । उत्पादनमा अत्याधुनिक प्रविधिको प्रयोगले श्रमिकहरूको ठूलो सङ्ख्यालाई बेरोजगार बनाइदिएको छ ।

  —— भूमि, उद्योग र वित्तीय पुँजीमाथि क्रमशः एकाधिकार जमाउँदै अघि बढेको विश्व पुँजीवाद यतिबेला सूचना र ज्ञानमाथिको वर्चस्वमा केन्द्रित भएको छ ।

  —— सूचना प्रविधिको तीव्र विकासले मानव जीवनमा थुप्रै सकारात्मक प्रभाव पनि पारेको छ, तर सूचनाको भण्डारण सीमित कम्पनीहरूको हातमा रहनु र त्यसको प्रयोग/दुरूपयोगको एकाधिकार पनि उनीहरूसँगै रहनुले समाजमा नयाँ चुनौती समेत थपेको छ । व्यक्तिका निजी सूचना (डेटा) लाई विश्लेषण गरेर बजारीकरण गर्ने, व्यक्तिको निजी जिन्दगीलाई निशाना बनाउने, गलत सूचना या अर्ध-सत्य सूचना मार्फत् समाजको मनोविज्ञानलाई नै प्रभावित गर्ने, राज्यको सार्वभौम भूमिका कमजोर पार्ने र उदार राजनीतिविरूद्ध सङ्कट खडा गर्ने जोखिम बढेर गएका छन् ।

  —— विज्ञान प्रविधिको अभूतपूर्व विकासले मानव जीवनलाई सरल र सुविधासम्पन्न तुल्याउन सकिने आधार निर्माण भएको छ । तर सम्पत्तिको असमान वितरण, विश्वव्यापी रूपमा विद्यमान गरीबी तथा विज्ञान प्रविधिका लाभहरूबाट विश्वको ठूलो जनसङ्ख्या बञ्चित हुनु परेको अवस्थाका कारण धनी र गरीब बीचको खाडल झनै बढेको छ । राष्ट्र-राष्ट्रबीच र एउटै राष्ट्रभित्र पनि विभिन्न वर्ग र समुदायबीचको आर्थिक विषमता बढेको बढ्यै छ ।

  —— विभिन्न विकसित मुलुकहरू आ-आफ्ना अन्तर्राष्ट्रिय दायित्व र न्यायबाट विमुख भएका छन् । अल्पविकसित र विकासशील मुलुकमा प्रवाह हुनु

पर्ने विकास सहायता र लगानीमा कटौती भएको छ । उनीहरूका उत्पादनले सहज र सौविध्यपूर्ण बजार पाइरहेका छैनन् । विकासशील राष्ट्रहरूको दिगो विकास लक्ष्य गम्भीर रूपमा प्रभावित हुन थालेको छ ।

— संसारका प्रमुख अर्थतन्त्रबीचको तनाव र व्यापार युद्धलाई अन्त्य गर्ने सार्थक पहल हुन सकेको छैन । संयुक्त राष्ट्र सङ्घ र यस अन्तरगत मानव अधिकार परिषद्, जलवायु सम्झौता जस्ता संस्था/प्रबन्धलाई निष्प्रभावी तुल्याउने कोशिस भएको छ ।

— शस्त्रास्त्रको होड तथा पारमाणविक, रासायनिक, जैविक एवं आम विनाशका हतियारको विस्तार र सङ्कलनले विश्व शान्तिमाथि खडा गरेको चुनौती कायमै छ ।

— विश्व शक्ति सन्तुलनमा तीव्र परिवर्तन देखा परेको छ । लामो समयसम्म युरोप–अमेरिका केन्द्रित विश्व ढाँचामाथि चीनको उदय, शक्तिशाली राष्ट्रका रूपमा रूसको पुनरागमन, ब्रिक्स, साङ्घाई सहकार्य सङ्गठन लगायत क्षेत्रीय शक्ति र सङ्गठनहरूको भूमिकाले चुनौती दिएका छन् । विश्व बहुध्रुवीय बन्दै गएको छ ।

— चीनसँगको सम्बन्ध लगायत प्रश्नमा युरोपले सापेक्ष स्वतन्त्र दृष्टिकोण राख्न थालेको छ । विश्व प्रतिष्पर्धाको केन्द्र एसिया–प्रशान्त क्षेत्र बन्न थालेको छ । अमेरिकाले अगाडि सारेको इन्डो–प्यासिफिक स्ट्राटेजी यसै विषयतिर लक्षित छ । हालै अष्ट्रेलिया, बेलायत र अमेरिकाबीच भएको नयाँ सुरक्षा सम्झौता (ओकस) ले यस क्षेत्रमा तनाव सिर्जना गरेको छ।

— लोकतान्त्रिक प्रणालीमाथि विभिन्न मुलुकमा चुनौती खडा भएका छन् । म्यान्मारमा 'कु' भएको छ र नेतृ आङ सान सुची लगायत लोकतन्त्रवादी नेताहरूलाई गिरफ्तार गरिएको छ । शान्तिपूर्ण प्रदर्शनमाथि हिंसात्मक दमन भएको छ ।

— ल्याटिन अमेरिकाका विभिन्न मुलुकमा वामपन्थी सरकार र आन्दोलनलाई असफल बनाउन हस्तक्षेप र षडयन्त्र जारी छन् । यसका बाबजुद त्यहाँ वामपन्थी आन्दोलनले नयाँ गति लिइरहेको छ।

— सन् २०१९ को अन्त्यतिरबाट सुरू भएको कोभिड–१९ महामारीले विश्वलाई आक्रान्त तुल्याएको छ । यो महामारीले विश्व अर्थतन्त्रलाई १९३० को आर्थिक मन्दी र दोस्रो विश्वयुद्धले भन्दा गहिरो धक्का पुऱ्याएको छ ।

— यो महामारी हाम्रो पुस्ताले सामना गरेको सबैभन्दा ठूलो स्वास्थ्य चुनौती हो । वैज्ञानिकहरूले आठ महिनामै कोभिड विरूद्धको खोप आविष्कार गरेर महत्वपूर्ण उपलब्धि हासिल गरे पनि खोपको असमान वितरण आज

गंभीर चुनौती बनेको छ । 'खोप राष्ट्रवाद', भाइरस एवं खोपका विषयमा देखिएको राजनीतिकरण बिडम्बनापूर्ण छन् ।

— जलवायु परिवर्तन आज पृथ्वी र पृथ्वीवासी दुबैका सामु असाधारण चुनौतीका रूपमा उपस्थित छ । जलवायु परिवर्तनका विरूद्ध बलियो अन्तर्राष्ट्रिय साझेदारीको खाँचो छ । औद्यौगिक राष्ट्रहरूले देखिने गरी कार्बन उत्सर्जन घटाउनु र हरित अर्थतन्त्र एवं हरित विकासका लागि ठोस कदम चाल्नु आवश्यक छ । जोखिममा परेका मुलुकका लागि वित्तीय सुविधा अत्यावश्यक छ ।

— चीन र भारतबीच सुरू हुन लागेको संवाद, समझदारी र सहकार्यलाई तनाव र सीमा विवादले विस्थापन गर्दै लगेको छ । दुई देशबीच संवाद भए पनि समस्या कायमै छ । दुई देशबीचको तनावको असर समग्र दक्षिण एसियामा अनुभूत भएको छ । भारत- पाकिस्तानबीच तनाव जारी नै छ । भारतसँग नेपाल लगायत विभिन्न छिमेकी मुलुकका कतिपय विवादित विषय अझै समाधान हुन सकेका छैनन् ।

— चिनियाँ विशेषतासहितको समाजवाद निर्माणमा चीनले हासिल गरेको प्रगति अभूतपूर्व छ । सन् २०२० मा चीनले आफ्ना सबै नागरिक गरिबीबाट मुक्त भएको घोषणा गरेको छ । चालीस बर्षको अवधिमा असी करोड भन्दा बढी नागरिकलाई गरिबीबाट मुक्त गर्न सफल चीन विश्वमै उदाहरणीय बनेको छ । चीनले औसतरूपमा समृद्ध समाजवादी राष्ट्र बन्ने पहिलो शताव्दी लक्ष्य हासिल गरेको छ । यस सफलताका लागि चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनता वधाइका हकदार छन्।

— अफगानिस्तानबाट अमेरिका र नेटो गठबन्धनका सैनिकहरू बीस वर्षपछि पछाडि हटेका छन् । यसले स्पष्ट पारेको छ– जुन सुकै बहानामा गरिए पनि वाह्य हस्तक्षेप र आक्रमण गलत हो । त्यसको असफलता अनिवार्य छ । कुनै पनि मुलुकको समस्या समाधानको जिम्मा सम्बन्धित मुलुककै जनताको हो, वाह्य शक्तिको होइन ।

— अफगानिस्तान घटनाका बाछिटा दक्षिण एसियामा पर्न सक्ने र अफगानिस्तानलाई लिएर भूराजनीतिक तनाव सिर्जना हुन सक्ने संभावनालाई पनि ध्यानमा राख्दै नेपाल स्पष्ट रूपमा अहस्तक्षेप, लोकतन्त्र, खुल्लापन र क्षेत्रीय शान्तिका पक्षमा दृढतापूर्वक उभिनु पर्छ ।

— चीन–भारतको सम्बन्धको प्रभाव नेपाल लगायत दक्षिण एसिया र समग्र विश्वमै गहिरो गरी पर्छ । हामी चीन र भारतबीचको सीमा समस्या लगायतका मतभिन्नताहरू चाँडै समाधान होउन् र दुई देशबीच सार्थक

साझेदारी विकास होस् भन्ने चाहन्छौं । यसले विकास र सहयोगको त्रिदेशीय सहकार्यको संभावना पनि बढ्ने छ ।

— नेपाल, आफ्नो भूभाग कुनैपनि छिमेकी तथा मित्र राष्ट्रहरूका विरूद्ध प्रयोग हुन नदिने नीतिमा दृढ छ । त्यसैगरी नेपाल, एक चीन नीतिमा अडिग छ ।

— नेपाल-भारत सीमा वारपार अपराध नहोस् र आतङ्ककारीले लाभ उठाउन नसकुन् भन्ने बिषयमा भारतको चासो देखिन्छ । भारतसँगको व्यापार घाटा, लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता क्षेत्रमा नेपाली भूभाग फिर्ता, सीमाको व्यवस्थापन, नेपालको आन्तरिक मामलामा हुने अनावश्यक चासो र हस्तक्षेप जस्ता विषयमा नेपालको चासो र सरोकार छन् ।

— हामी हाम्रा छिमेकीका जायज चासो र सरोकारप्रति सजग छौं । त्यस्तै सजगता र सम्मान हामी हाम्रा मित्रहरू, विशेषतः छिमेकीहरूबाट चाहन्छौं । दुई देशबीचका समस्यालाई जिम्मेवार कूटनीतिक पहलका माध्यमबाट समाधान गर्न चाहन्छौं ।

कमरेडहरू !

– हामी नयाँ र न्यायपूर्ण विश्व व्यवस्थाका पक्षमा दृढतापूर्वक उभिन्छौं । उत्पीडित राष्ट्रहरु तथा श्रमजीवी वर्गका हक हित र मुक्तिका आन्दोलनमा ऐक्यवद्धता जाहेर गर्छौं । र, आफ्नो ठाउँबाट विश्व शान्ति, न्याय, समानता र समाजवादी आन्दोलनलाई सघाउँछौं । हाम्रो विदेश नीतिको सार हो–

— राष्ट्रियहितको रक्षा र संबर्धन गर्दै सबैसँग मित्रता कायम गर्नु, कसैसँग वैरभाव नराख्नु,

— विश्वका सबै देशसँग सार्वभौम समानता, अहस्तक्षेप, पारस्परिक सहयोग तथा सम्मानमा आधारित सम्बन्ध विकास गर्नु,

— नेपालको छविलाई शान्तिको पक्षधर, लोकतान्त्रिक र प्रगतिशील राष्ट्रको रूपमा स्थापित गर्नु ।

— वातावरण लगायतका साझा सवालमा सहमति र साझा प्रयासका साथ अगाडी बढ्नु ।

प्रतिनिधि कमरेडहरू !

– नवौं राष्ट्रिय महाधिवेशनपछिका अवधि घटनापूर्ण रहे, आँधिबेहरीपूर्ण रहे ।

— विनाशकारी भूकम्प,

— भूकम्पपीडितको सेवामा स्वयंसेवक परिचालन,

— संविधानसभाबाट संविधान निर्माण र घोषणा

— नेकपा (एमाले) नेतृत्वको सरकार गठन,

— नाकाबन्दीका बिरूद्ध सशक्त प्रतिरोध र अभूतपूर्व राष्ट्रिय एकताको प्रदर्शन,

— चीनसंग पारबहन र यातायात संझौता

— एमाले विरूद्ध षडयन्त्र र सरकारबाट विस्थापन,

— मेची–महाकाली राष्ट्रिय अभियान,

— स्थानीय निर्वाचन र ऐतिहासिक सफलता,

हामीले आम निर्वाचनभन्दा अघि सामना गरेका घटनाहरू हुन् ।

– यी सबै घटनाहरूमा हामीले प्रभावकारी भूमिका निर्वाह गऱ्यौं र पार्टीको नेतृत्व स्थापित गऱ्यौ । स्मरणका लागि यहाँ केही प्रसंग चर्चा गर्न चाहन्छुः

— २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट सिर्जित राष्ट्रिय विपत्तिले राजनीतिक दलहरूमाथि मतभिन्नता थाँती राख्दै उद्धार, राहत र पुनर्स्थापनामा केन्द्रित हुन दबाब सिर्जना गऱ्यो । संविधानसभाको दोस्रो निर्वाचन भएको पनि डेढ वर्षभन्दा बढी समय बितिसकेको थियो । विभिन्न चलखेल देखा पर्न थालेका थिए । भूकम्पबाट पीडामा परेका जनता दलहरूबीचको खिचातानीबाट व्यग्र र असन्तुष्ट थिए । संविधान निर्माणमा थप विलम्ब गर्नु उचित थिएन ।

— यसै पृष्ठभूमिमा २०७२ जेठमा नेकपा (एमाले), नेपाली काङ्ग्रेस र एनेकपा (माओवादी) बीच १६ बुँदे सहमति भयो, जसमा संविधान निर्माणका आधारभूत प्रश्नबारे मोटामोटी खाका बनाइयो । तर मधेस–केन्द्रित दलहरू भने सहमतिमा आउन तयार भएनन् ।

— यस क्रममा विभिन्न स्थानमा हिंस्रक र अराजक घटनाहरू प्रायोजित हुन थाले । २०७२ भदौ ७ गते कैलालीको टिकापुरमा ८ जना सुरक्षाकर्मी र एकजना निर्दोष बालकको ज्यानै लिनेगरी अत्यन्त त्रासद र विभत्स घटना घटाइयो । सुर्खेत लगायत पहाडी भूभागमा पनि हिंसाका घटना भए । मधेस–केन्द्रित दलका कतिपय नेताहरूले संविधान निर्माणमा वाह्य हस्तक्षेपको माग गरे ।

— असन्तुष्टि, विरोध र हिंसालाई देखाएर संविधान निर्माणमा विलम्ब गर्नु पर्ने तर्क प्रस्तुत हुन थाले । काङ्ग्रेस र माओवादीका कतिपय नेताहरूको उत्तेजना र हिंसा फैलाउने घटनामा सहभागिता देखियो । कतिपय वाह्य पक्ष संविधान बन्न नदिन खुल्ला रूपमा दबाब र हस्तक्षेपमा उत्रिन थाले

। यो हस्तक्षेपको असर विभिन्न राजनीतिक दल, सरकार एवं अन्य संस्थामा पनि देखिन थाल्यो ।

— नियोजित रूपमा सुरू भएका गतिविधिलाई आधार बनाएर संविधान निर्माण रोक्न सकिँदैनथ्यो । संविधान निर्माणमा जति ढिलाइ भयो, यसलाई जारी गर्नु त्यति नै असंभव हुने थियो । तसर्थ हाम्रो पार्टीले संविधान जारी गर्न निर्णायक हस्तक्षेप गऱ्यो । आवश्यक कूटनीतिक पहल पनि गऱ्यो । मूलतः हाम्रो पार्टीको अग्रसरता, नेतृत्व र निर्णायक भूमिकाका बलमा २०७२ साल भदौ ३० गते संविधानसभाबाट नेपालको संविधान निर्माण भयो र असोज ३ गते जारी भयो ।

— यो संबिधानले नेपालको राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र नेपाली जनतामा निहित सार्वभौमसत्ता बाहेकका अन्य विषय जनताको इच्छा अनुसार संवैधानिक बाटोबाटै परिवर्तन गर्न सकिने आधार निर्माण गरेको छ । यसले राजनीतिक परिवर्तनका नाममा हुने हिंसा र विद्रोहको आधार समाप्त गरिदिएको छ । शान्तिपूर्ण र वैधानिक बाटोबाट समाजवाद निर्माण गर्ने आधार तयार भएको छ ।

— यस मार्फत् सामाजिक न्यायसहितको लोकतन्त्रको प्रत्याभूति भएको छ । आर्थिक–सामाजिक–सांस्कृतिक अधिकारहरू मौलिक हकका रूपमा सुनिश्चित गरिएका छन् ।

— सारमा, नेपाली जनताको आफ्ना प्रतिनिधिहरूबाट निर्मित संविधानबाट शासन सञ्चालन हुने दशकौं पुरानो सपना यस संविधान मार्फत् साकार भएको छ । नेपाली जनताका सात दशकभन्दा लामो आन्दोलन र क्रान्तिका उपलब्धिलाई संस्थागत गरेको छ । यससँगै नेपाली समाज राजनीतिक स्थायित्व र समृद्धिको चरणमा प्रवेश गरेको छ ।

— संविधान तत्कालीन शक्ति सन्तुलनको दस्तावेज हो । तात्कालीन शक्ति सन्तुलनका दृष्टिले यो ऐतिहासिक दस्तावेज हो । संविधान निर्माणमा खेलेको सक्रिय, रचनात्मक, अग्रणी र नेतृत्वदायी भूमिकाका लागि नेकपा (एमाले) गर्व गर्दछ । आगामी दिनमा संविधानको रक्षा, कार्यान्वयन र विकासमा पार्टीले यसै गरी नेतृत्वदायी भूमिका खेल्ने छ ।

कमरेडहरू !

— विनाशकारी भूकम्प नेपालका लागि आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले एउटा अग्निपरीक्षा नै थियो । विनाशको घडीमा सरकारको मुख मात्र ताक्नु, या वाह्य दाताहरूको भर परेर बस्नु उचित हुँदैनथ्यो । तसर्थ पार्टीले स्वयंसेवक परिचालन गर्ने निर्णय गऱ्यो । पार्टीको आह्वानमा झण्डै ५० हजार स्वयंसेवकहरू भूकम्पपीडितको सेवामा खटिए । उनीहरूले एक महिनाको अवधिमा २७ हजारभन्दा बढी घरटहरा बनाए, २३ हजारभन्दा बढी घर र विद्यालयका

भग्नावशेष सफा गरे र हजारौं अस्थायी कक्षाकोठा निर्माण गरे । यति विशाल, सशक्त र प्रभावकारी स्वयंसेवक परिचालन नेपालको समकालीन इतिहासकै विशिष्ट घटना हो ।

– तराई-मधेसबाट दुर्गम पहाडमा, पूर्वबाट पश्चिममा अनि पश्चिमबाट पूर्वका जिल्लामा परिचालन गरिएका स्वयंसेवकमार्फत् नेपाली समाजको यथार्थ अवस्थालाई गहिरो गरी बुझ्न, अन्तर-समुदाय एकता सुदृढ गर्न तथा युवाहरूमा स्वयंसेवी भावनाको विकास गर्न ठूलो योगदान पुगेको छ । यस सफल अभियानका लागि पार्टी गौरव गर्दछ ।

– २०७२ सालको नेपालमाथिको नाकाबन्दी ६ महिना अगाडिमात्रै विनाशकारी भूकम्पले थिलोथिलो परेको मुलुकमाथि अनाहकमा लादिएको अमानवीय र अन्तर्राष्ट्रिय कानुन विरूद्धको व्यवहार थियो । इतिहासकै यस्तो कठिन घडीमा नेपाली जनताले अभूतपूर्व एकता, संयम र देशभक्ति प्रदर्शन गरे । नेपाली काङ्ग्रेसले नाकाबन्दीलाई 'नाकाबन्दी' सम्म भन्न नसक्ने गरी लाचारी देखाएको बेला, मधेस-केन्द्रित दलहरूले तराईमा हिंसा र उत्तेजनाको शृङ्खलालाई जारी राखेको बेला, अन्य राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम र समग्र राष्ट्र नाकाबन्दी विरूद्ध एकजुट भए । बरू भोकै पर्ने तर वाह्य दबाबसामु घुँडा नटेक्ने स्वाभिमान प्रदर्शन गरे । सरकारको नेतृत्वमा राष्ट्रिय एकताको अनुपम दृष्टान्त प्रस्तुत गरे ।

– अन्ततः २०७२ माघमा भारतीय नाकाबन्दी अन्त्य भयो । नेपाली जनताले राष्ट्रिय स्वाभिमान, राष्ट्रिय एकता र स्वाधीनताका लागि प्रकट गरेको उक्त साहस र सङ्कल्प समकालीन नेपाली इतिहासकै विशिष्ट घटना हो ।

प्रिय कमरेडहरू !

– पूर्वसहमति अनुसार संविधान जारी भइसकेपछि सरकारको नेतृत्व नेपाली काङ्ग्रेसले सहजै नेकपा (एमाले) लाई हस्तान्तरण गर्नु पर्ने थियो । तर काङ्ग्रेस सहमतिबाट पछि हट्यो । आन्दोलनका उपलब्धि संस्थागत गर्न परिवर्तनका संवाहकबीच निश्चित अवधिसम्म सहकार्य हुनु पर्ने आवश्यकता अस्वीकार गरेर काङ्ग्रेसले सात साल र छयालीस सालको आन्दोलनपछि गरेका गल्ती दोहोऱ्यायो ।

– नेकपा (एमाले) र एनेकपा (माओवादी) बीच १४ बुँदे सहमति गर्दै अर्को निर्वाचनसम्म सँगै जाने, निर्वाचनमा मोर्चा बनाएर लड्ने समझदारी बन्यो । लोकतान्त्रिक फोरम, राप्रपा, नेकपा (माले), राजमो लगायतसँग पनि सहकार्य गरियो । २०७२ असोज २४ गते म प्रधानमन्त्रीमा निर्वाचित भएँ ।

– इतिहास कैयौंले जितेर पनि हारेका छन् । हामीले कतिपय सन्दर्भमा हारेर पनि जितेका छौं । सत्तामा रहुञ्जेल देखिने कतिपय सत्तासीनहरू, सत्ता बाहिर पुग्ना

साथ गुमनाम भएका छन् । हाम्रो नेतृत्वको सरकारले उपलब्ध अवसरलाई सदुयोग गर्दै ऐतिहासिक भूमिका निर्वाह गऱ्यो :

— नाकाबन्दीलाई साहसपूर्वक सामना गर्दै असफल पाऱ्यो । संविधान निर्माण प्रक्रियामा बाहिरिएका दलहरूलाई सहमतिमा ल्याउन २०७२ मङ्सिरमा संविधानको पहिलो संशोधन गरियो ।

— प्रधानमन्त्रीको हैसियतमा मैले नाकाबन्दीको अन्त्यपछि मात्र भारत भ्रमण गरें । हाम्रो तर्फबाट सार्वभौम समानता, अहस्तक्षेप, आपसी हित र सम्मानका आधारमा नेपालले भारतसँग विश्वासिलो सम्बन्ध राख्न चाहेको र भविष्यमुखी भएर सार्थक सहकार्य गर्न चाहेको बताइयो । दुई देशबीचको सम्बन्ध सुधार गर्न  भ्रमण सफल रह्यो ।

— लगत्तै मैले चीनको भ्रमण गरें । पारवहन यातायात सम्झौता सहित विभिन्न १५ वटा सम्झौता र सहमति गरियो । नेपालको भूपरिवेष्ठित अवस्थालाई रूपान्तरण गरी पारवहनमा एकपक्षीय निर्भरतालाई अन्त्य गरियो । नेपालको स्वाभिमानलाई सुदृढ गर्न भ्रमण ऐतिहासिक रूपमा सफल रह्यो ।

— दीर्घकालीन महत्वका रणनीतिक पूर्वाधारहरूको निर्माण सुरू गर्ने, सामाजिक न्याय र सुरक्षाको दायरालाई फराकिलो पार्ने र जनतामा आत्मविश्वास एवं भरोसा जगाउने महत्वपूर्ण कामको थालनी गरियो ।

– तर चीन भ्रमणबाट फर्किए लगत्तै सरकार परिवर्तन गर्ने र मुलुकलाई अस्थिरतातिर धकेल्ने खेल सुरू भए । वाह्य शक्तिको इशारामा प्रधानमन्त्रीलाई एउटा बजेटसम्म प्रस्तुत गर्न नदिई विस्थापित गर्ने योजनामा पुष्पकमल दहाल, माधवकुमार नेपाल लगायत तिनै पात्रहरू क्रियाशील थिए, जसले २०७४ पछि मेरो नेतृत्वको सरकारलाई असफल बनाउन उसै गरी घेराउ, मोर्चाबन्दी र षडयन्त्र गरे ।

– आफैले प्रस्ताव गरेको, आफ्नो पार्टी सम्मिलित, नाकाबन्दीको सामना एवं पारवहन सन्धि जस्ता दूरगामी उपलब्धि हासिल गरेको सरकारलाई ढाल्न प्रचण्डद्वारा प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव पेश गरियो । यो षडयन्त्र पुष्पकमल दहाल 'प्रचण्ड' लगायत नेताहरूभित्र निहित अवसरवाद, विभाजन र वाह्य शक्तिको सेवा गर्ने चरित्रको भद्दा दृष्य थियो । जनताको व्यापक समर्थन रहँदा रहँदै पनि संसदभित्रको प्रतिकूल अङ्कगणितका कारण २०७३ साउन ९ गते मेरो राजिनामासँगै उक्त सरकार बहिर्गमन भयो । पुष्पकमल दहाल 'प्रचण्ड' को नेतृत्वमा काङ्ग्रेसको निर्णायक भूमिका रहेको सरकार बन्यो । संविधानमा अनेकौं हानीकारक प्रस्ताव सहित संशोधनको दुष्प्रयास गरियो । एमाले नेतृत्वको सरकारले सुरू गरेका दूरगामी महत्वका कामलाई उल्ट्याउने धृष्टता गरियो । पार्टी साहसपूर्वक परिस्थितिको सामना गर्दै अघि बढ्यो ।

कमरेडहरू !

– हाम्रो पार्टी जीवनमा 'मेची–महाकाली राष्ट्रिय अभियान'को विशेष महत्व छ । २०७३ साल फागुन २१ गते शहीद दिवसका दिनबाट संविधान, सामाजिक सद्भाव र राष्ट्रिय एकताका लागि सञ्चालित त्यो अभियान काकडभिट्टाबाट सुरु भई सुर्खेतमा समापन भयो ।

– पार्टीका हजारौं नेता, कार्यकर्ता, सदस्य र शुभभिन्तक सहभागी भएको, बीसौं स्थानमा विशाल जनसभा आयोजना गर्दै अगाडि बढेको र घरदैलो, सांस्कृतिक कार्यक्रम र झाँकीहरू सहित व्यापक जनसहभागिता सहितको यो अभियान नेपालकै सबभन्दा ठूलो जनपरिचालन थियो । अभियानमा झण्डै २५ लाख नागरिकहरू सहभागी भए ।

– यस अभियानले एमालेलाई तराई–मधेसमा प्रवेशै गर्न नदिने, मधेसी समुदायमा एमालेप्रति भ्रम र घृणा फैलाउने तथा तराईवासी र पहाडी समुदायबीच साम्प्रदायिक विद्वेष फैलाउने प्रयास असफल पा¥यो । तराई– मधेसका नागरिकहरू देशभक्ति र राष्ट्रियताको पक्षमा दृढतापूर्वक उभिए । हजारौं कार्यकर्ताहरूको परिचालन र लाखौं जनताको सहभागिताले पार्टीको उर्जा र सामर्थ्य विकासमा ठूलो योगदान ग¥यो ।

– २०७४ को स्थानीय तह निर्वाचनमा पार्टीले काठमाडौं र पोखरा महानगरपालिका सहित ४० प्रतिशतभन्दा बढी स्थानीय तहहरूमा विजय हासिल ग¥यो । जिल्ला समन्वय समितिका अधिकांश स्थानमा पनि पार्टीले सफलता प्राप्त ग¥यो । सत्तारूढ गठबन्धनसँग एक्लै सामना गरेर पार्टीले हासिल गरेको यो सफलता आधारभूत तहसम्म पार्टीको लोकप्रियता र सुदृढ जनाधारलाई प्रतिविम्बित गर्ने महत्वपूर्ण उपलब्धि हो ।

– आज यस महाधिवेशनमा स्थानीय तहमा विजयी प्रमुख/उपप्रमुख सहित विजयी जनप्रतिनिधि कमरेडहरूलाई सम्बोधन गर्न पाउँदा मलाई गर्व लागेको छ ।

प्रतिनिधि कमरेडहरू !

– २०७५ जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) बीच पार्टी एकीकरण भयो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भयो । यो नेपाली राजनीतिको एउटा ऐतिहासिक परिघटना हो । यससँगै हाम्रो कम्युनिष्ट आन्दोलनमा २०२७/०२८ सालदेखि एकातिर झापा आन्दोलन–– कोअर्डिनेशन केन्द्र–– नेकपा (माले)–– नेकपा (एमाले) हुँदै विकसित भएको प्रमुख धार र अर्कातिर केन्द्रीय न्युक्लियस–– चौथो महाधिवेशन–– मसाल/मशाल–– एकता केन्द्र–– नेकपा (माओवादी) हुँदै विकसित आन्दोलनको अर्को मुख्य धार एकीकृत भई नेपाली कम्युनिष्ट आन्दोलनको टुटेको कडी झण्डै ५० वर्षपछि फेरी जोडिन पुग्यो ।

– नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपाली श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधिका रूपमा २००६ सालमा भएको थियो । कम्युनिष्ट पार्टीको स्थापना नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण परिघटना थियो । कम्युनिष्ट पार्टीले देशभक्ति, सामाजिक सुधार एवं प्रजातान्त्रिक आन्दोलन जस्ता नेपाली जनताका आन्दोलनका विभिन्न धाराहरूको बिरासतलाई समेट्दै आन्दोलनलाई सामन्तवाद-साम्राज्यवाद विरोधी जनवादी क्रान्तिको उचाइमा विकसित गऱ्यो । (यहाँनेर नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद् अनेकौं आरोह-अवरोह पश्चात् नेकपा (एमाले) मा समाहित भएको र यसको बिरासत पनि कम्युनिष्ट पार्टीले अगाडि बढाएको प्रसङ्ग स्मरणीय छ ।) पार्टीले सामन्तवाद, साम्राज्यवाद र दलाल नोकरशाही पुँजीवाद विरोधी जनवादी क्रान्तिको तात्कालीन एवं समाजवाद तथा साम्यवाद स्थापनाको दीर्घकालीन लक्ष्य लिएको थियो । राणाशासनको अन्त्य र नागरिक अधिकारको स्थापनाको नारा अगाडि सारिएको थियो । मजदुर, किसान, विद्यार्थी तथा महिलाहरूलाई जागृत गर्ने, स्थानीय तहमा क्रान्तिकारी समिति गठन गर्ने र जनविद्रोह सङ्गठित गर्ने बाटो लिइएको थियो ।

– दिल्ली सम्झौताले २००७ सालको आन्दोलनलाई बीचमै अवरूद्ध गऱ्यो । सम्झौतालाई स्वागत गरेर नेपाली काङ्ग्रेस राणा नेतृत्वको सरकारमा सहभागी भए पनि नेपाल कम्युनिष्ट पार्टी लगायत देशभक्त शक्तिहरूले क्रान्तिलाई अगाडि बढाउने प्रयास गरे । आन्दोलनको सहयात्री कम्युनिष्ट पार्टीमाथि नेपाली काङ्ग्रेसले प्रतिबन्ध लगायो । तर पार्टीले विभिन्न वैधानिक मोर्चा तथा जनसङ्गठनका माध्यमबाट आन्दोलन जारी राख्यो । २००९ देखि २०१३ सालसम्ममा विभिन्न जिल्लामा भएका किसान विद्रोह, विभिन्न ठाउँमा भएका स्थानीय सामन्त विरोधी आन्दोलन, कोशी र गण्डक सम्झौता विरोधी राष्ट्रिय हितका सङ्घर्ष एवं संविधानसभाको निर्वाचनका लागि निरन्तर दबाब त्यतिबेलाका चर्चित आन्दोलन थिए ।

– संस्थापक महासचिव पुष्पलाललाई पहिलो महाधिवेशन अगावै नेतृत्वबाट हटाइएपछि पार्टीमा वैचारिक र सङ्गठनात्मक विचलन सुरू भयो । पहिलो महाधिवेशनबाट सुरू भएको दक्षिणपन्थी प्रवृत्ति, केशरजङ्ग रायमाझी महासचिव बनेसँगै दक्षिणपन्थी अवसरवादका रूपमा विकास भयो । पार्टीको दोस्रो महाधिवेशनमा रायमाझीले गणतन्त्रको कार्यक्रम बदल्ने प्रयास गरे । उनको प्रयास त विफल भयो, तर महाधिवेशनबाट पारित गणतन्त्रको कार्यक्रमलाई रायमाझीले अगाडि बढाएनन् ।

– काङ्ग्रेसको दमन र रायमाझीको दक्षिणपन्थी अवसरवादी नेतृत्वका कारण तानाशाही कदम विरूद्ध कम्युनिष्ट पार्टीको प्रतिरोधी क्षमता कमजोर हुँदै गएको थियो । २०१८ सालमा आयोजित दरभङ्गा प्लेनमले केशरजङ्ग रायमाझीलाई महासचिवबाट हटायो । उनी तेस्रो महाधिवेशनबाट पार्टीबाटै निष्काशित भए ।

तर तेस्रो महाधिवेशनबाट पारित 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' र 'सर्वाधिकार सम्पन्न संसदको स्थापना' को नाराले आन्दोलनलाई सही दिशा दिन सकेन । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखा परेका विभाजन, ध्रुवीकरण र विवादका असर नेपाल कम्युनिष्ट पार्टीमा पनि पर्न थाल्यो । मातहतका कमिटीहरूले आफूलाई केन्द्रबाट अलग घोषणा गर्न थाले । कतिपय नेताहरू पलायन भए । नेपाली कम्युनिष्ट आन्दोलनमा विभाजन, विखण्डन र विघटनको दुःखद शृङ्खला सुरू भयो । २०२५ मा पुष्पलालले तेस्रो राष्ट्रिय सम्मेलन मार्फत् पार्टीलाई पुनर्गठन गर्ने प्रयास गर्नु भए पनि त्यसमा सबै धारा समेटिएनन् ।

- यसै पृष्ठभूमिमा भएको झापा विद्रोह (२०२७-२८) नेपालको राजनीति र कम्युनिष्ट आन्दोलनको 'टर्निङ प्वाइन्ट' बन्न पुग्यो । यसले राजतन्त्र विरूद्ध विद्रोहको उद्घोष गऱ्यो । कम्युनिष्ट आन्दोलनमा उत्पन्न शिथिलता र अकर्मण्यताका विरूद्ध बलिदान, विद्रोह र पुनर्गठनको उर्जा सिर्जना गऱ्यो । झापा आन्दोलनले पार्टी निर्माण, विस्तार र एकीकरणको नीति लियो । प्रतिकूल शक्ति सन्तुलन एवं उग्रवामपन्थी गल्तीका कारण आन्दोलनमाथि चरम दमन भयो । तर धक्कालाई चिर्दै यो धारा २०३२ सालमा को.के., २०३५ सालमा नेकपा (माले ) र २०४७ सालमा नेकपा (एमाले) का रूपमा विकसित भयो ।
- अर्कातिर केन्द्रीय न्युक्लियसबाट सुरू भएको अर्को धारा चौथो महाधिवेशन, मशाल, मसाल, नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) तथा नेपाल कम्युनिष्ट ( माओवादी) र अन्ततः नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) हुँदै अगाडि बढ्यो । तीसको दशकदेखि नेपाली कम्युनिष्ट आन्दोलन मुख्यतया यिनै दुई धारामा ध्रुवीकृत भयो ।
- विभिन्न समयमा भएका विद्यार्थी आन्दोलन, शिक्षक, मजदुर र किसानका सङ्घर्ष, सीमा अतिक्रमण र भारतद्वारा गरिएको सिक्किम विलयन, महङ्गी र भ्रष्टाचार नियन्त्रण, जमिनको अधिकार, सरकारी दमनको विरोध र जनजीवि(वकाका आन्दोलनलाई कम्युनिष्ट पार्टीहरूले अगुवाइ गरे । २०३५/३६ को आन्दोलन र जनमत सङ्ग्रहको घोषणासँगै जनसङ्गठनहरू क्रियाशील हुन थाले, पार्टीको जनाधार बलियो बन्दै गयो । यस सन्दर्भमा छिन्ताङ र पिस्कर हत्याकाण्ड तथा दमनका विरूद्ध पार्टीले गरेको प्रतिरोध उल्लेखनीय छ ।

  २०४६ सालमा संयुक्त जनआन्दोलनमा कम्युनिष्ट पार्टीको महत्वपूर्ण भूमिका र संयुक्त नेतृत्व थियो । आन्दोलनलाई सामान्य सुधारमा सीमित राख्न चाहने नेपाली काङ्ग्रेसको प्रयासलाई चिरेर पञ्चायती व्यवस्थाको समूल अन्त्य गर्न, बहुदलीय राजनीतिक प्रणाली सहितको संविधान निर्माण गर्न पार्टीले अग्रणी भूमिका खेल्यो । २०४७ सालको संविधानमा कमरेड मदन भण्डारीले राख्नु भएका आलोचनाका २७ बुँदाहरू निकै सान्दर्भिक थिए ।
- मार्क्सवाद-लेनिनवादका आम सच्चाइलाई नेपालको विशिष्ट परिस्थितिमा कार्यान्वयन गर्दै नेपाली क्रान्तिका मौलिक सिद्धान्त, कार्यक्रम, बाटो र नीति

निर्माण अगाडि बढाइयो । मार्क्सवादको गहन अध्ययन, विभिन्न स्वरूपका दक्षिणपन्थ र उग्रवामपन्थ विरूद्धको सङ्घर्ष र नेपाली समाजको सूक्ष्म अध्ययन गर्ने क्रममा कमरेड मदन भण्डारीको प्रस्तावमा नेकपा (माले) ले २०४६ सालमा चौथो महाधिवेशनबाट जनवादी व्यवस्थामा बहुदलीय शासन प्रणालीको अवधारणा अगाडि बढायो । त्यसलाई विकसित गर्दै उहाँले जनताको बहुदलीय जनवाद ( जबज) प्रस्तुत गर्नुभयो । जबज, पाँचौ महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यक्रम र छैटौं महाधिवेशनबाट नेतृत्वकारी विचारका रूपमा ग्रहण गरियो । आठौं राष्ट्रिय महाधिवेशनबाट यो नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित भयो । २०५१ सालमा गठित एमालेको लोकप्रिय सरकार र त्यसले अगाडि बढाएका प्रगतिशील सुधारका कामले जबजलाई समाजमा स्थापित गर्न महत्वपूर्ण योगदान गरे ।

— नेपालको विशिष्ट परिस्थिति अनुरूप क्रान्तिलाई मौलिक बाटोबाट अगाडि बढाउन,
— प्रतिकूल अवस्थामा नेपाली कम्युनिष्ट आन्दोलनलाई जोगाउन,
— प्रतिक्रियावादी एवं प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न,
— पार्टीलाई जनताको बीचमा लोकप्रिय एवं सुदृढ जनाधार सहित स्थापित गर्न र वैधानिक ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउन,

नेकपा (एमाले) र जबजको उल्लेखनीय योगदान रहेको छ । जबज राजनीतिक प्रणाली या कार्यक्रमको मात्रै विषय नभएर समाजको समग्र रूपान्तरणको समष्टिगत अवधारणा हो ।

- यसै अवधिमा नेकपा (माओवादी) ले २०५२ फागुन १ गतेदेखि सशस्त्र सङ्घर्ष सुरू गऱ्यो । यसले नेपाली राजनीतिमा नयाँ तरङ्ग सिर्जना गऱ्यो । महिला, दलित, मधेसी, जनजाति लगायतका उत्पीडित वर्ग/ समुदायलाई जागृत र सङ्गठित गर्न तथा संविधानसभा निर्वाचन एवं गणतन्त्रको आधार तयार पार्न माओवादी आन्दोलनको भूमिका महत्वपूर्ण रह्यो ।
- आन्दोलनका यी दुई धाराबीच लामो समयसम्म प्रतिष्पर्धा, वैचारिक सङ्घर्ष र तिक्ततापूर्ण सम्बन्ध रह्यो । माओवादी पक्षबाट नेकपा (एमाले) का कैयौं निर्दोष कार्यकर्ताहरूको हत्या समेत भयो । तर यी दुई धारबीच संवाद र सम्पर्क पनि कायम रहँदै आयो । १२ बुँदे समझदारीले राजतन्त्र विरोधी शक्तिहरूलाई एक ठाउँमा उभ्याउन, आन्दोलनलाई गणतन्त्रको तहसम्म विकसित गर्न तथा संविधानसभाको निर्वाचन, राज्यको पुनर्संरचना र दस वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा रूपान्तरण गर्न आधार तयार गऱ्यो ।
- संविधानसभाबाट संविधान निर्माण गर्न तथा संविधानमा प्रगतिशील अन्तरवस्तु तथा समाजवादी विशेषता समावेश गर्न कम्युनिष्टहरूको नेतृत्वदायी भूमिका

रह्यो । इतिहासका शिक्षा, जनताको चाहना, वैचारिक-राजनीतिक मतभिन्नता साँघुरिदै गएको अवस्थाले दुई पार्टीबीच एकताको आधार निर्माण गर्दै लग्यो ।

- प्रतिकूल विश्व परिस्थितिमा समेत नेपालमा वामपन्थी आन्दोलन लोकप्रिय रहेको,
- शान्तिपूर्ण बाटोबाट समाजवाद निर्माणको संभावना प्रबल बनेको,
- क्रान्तिका उपलब्धिको रक्षा तथा समाजवादी भविष्य सुनिश्चित गर्न एकीकृत कम्युनिष्ट पार्टीबाट मात्रै संभव रहेको,
- नेपालले भोगिरहेको परनिर्भरता, वैदेशिक हस्तक्षेप तथा राजनीतिक-सांस्कृतिक अतिक्रमणलाई अन्त्य गर्दै राष्ट्रिय स्वाधीनता र स्वाभिमान सुदृढ गर्नका लागि बलियो वामपन्थी शक्तिको खाँचो रहेको बोधले दुई पार्टीबीच एकताको आधार निर्माण गरेका थिए ।

- यसै पृष्ठभूमिमा, २०७४ असोज १७ गते दुई पार्टीबीच चुनावी गठबन्धन बन्यो भने २०७५ साल जेठ ३ गते पार्टी एकीकरण ।
- पार्टी एकतासँगै शक्ति सन्तुलन श्रमजीवी जनताको पक्षमा अनुकूल भयो । देशभक्त, लोकतान्त्रिक र समाजवाद पक्षधर शक्ति सुदृढ र उत्साहित बने । वामपन्थी आन्दोलनमा सकारात्मक सन्देश प्रवाह भयो । राजनीतिक स्थायित्वको आधार निर्माण भयो ।
- दुई पार्टीहरूको सामर्थ्य र लोकप्रियता (जस्तै निर्वाचनमा प्राप्त क्रमशः ३२ लाख र १३ लाख मत) लाई आधार बनाएर होइन, कम्युनिष्ट आन्दोलनका दुई धाराको एकताको रूपमा अगाडि बढाउने प्रयास गरियो । मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, रणनीतिक लक्ष्य समाजवाद, तात्कालिक कार्यक्रम समाजवाद-उन्मुख जनताको जनवाद निर्धारण गरियो । जनताको जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्ने कार्यदिशा तय भयो । एकताको मनोविज्ञानलाई ध्यानमा राखेर पार्टीमा दुई अध्यक्षको व्यवस्था गरियो, महाधिवेशनसम्म सहमतिका आधारमा अगाडि बढ्ने विधि तय गरियो र महाधिवेशन समेत सहमतिमै गर्ने प्रतिवद्धता व्यक्त गरियो । एकताको आवश्यकतालाई ध्यानमा राखेर मातहत कमिटीमा पनि दुबै पार्टीका तर्फबाट झण्डै बराबरीकै सङ्ख्यामा प्रतिनिधित्व सुनिश्चित गराइयो ।
    - तर एकता जुन हिसाबले हुनु पर्थ्यो, त्यसरी हुन सकेन । र, जसरी अगाडि बढ्नु पर्थ्यो, त्यसरी पनि बढ्न सकेन ।
- एकतालाई सही ढङ्गले निष्कर्षमा पुऱ्याउन एमालेको एकता अनिवार्य पूर्वशर्त थियो, तर एमालेका कतिपय नेताले पुष्पकमल दहाल 'प्रचण्ड' का अस्वाभाविक महत्वाकाङ्क्षालाई मलजल गर्ने, नाजायज मागलाई प्रोत्साहित गर्ने र एकतालाई असन्तुलित बनाउन सहयोग गर्नुभयो । तीन महिनाभित्र एकीकरणका काम

टुङ्ग्याउने भावनामा बगेर बैकल्पिक व्यवस्था बिनै सबै कमिटीहरू भङ्ग गर्ने निर्णय गरियो । स्थानीय तहमा सङ्गठनात्मक शून्यता सिर्जना भयो ।

— एकताले विपक्षीका सामु चुनौतिको विशाल पर्खाल खडा गरिदियो । तर विपक्षीबाट हुनसक्ने चर्को प्रतिवादलाई त्यही अनुपातमा सामना गर्ने तयारी गर्नबाट पार्टी चुक्यो ।

– आन्दोलनका सकारात्मक पक्षलाई गोलबन्द गर्दै जनभावना अनुसार कमिटी निर्माण गर्ने र सिङ्गो पार्टीलाई समृद्धिको संवाहक शक्तिका रूपमा विकास गर्ने कुरामा केन्द्रित हुनु पर्थ्यो ।

— तर स्थायित्व, विकास र सामाजिक न्यायलाई अगाडि बढाउने सरकारको प्रयासका विपरीत पार्टीभित्रैबाट राजनीतिक अस्थिरता सिर्जना गर्ने,

— सरकारका सकारात्मक काम र उपलब्धिलाई ओझेलमा पार्ने,

— विपक्षीलाई उछिनेर सरकारको विरोध गर्ने,

— जनतामा निराशा फैलाउने एवं नेपालको वाह्य सम्बन्धमा समस्या सिर्जना गर्ने काम भयो ।

– यस सन्दर्भमा एउटा तथ्य उल्लेख गर्नु आवश्यक हुन्छ । वाम गठबन्धन बनाएर हामीले चुनावमा उत्साहजनक परिणाम हासिल गऱ्यौं । तर पुष्पकमल दहाल 'प्रचण्ड'बाट भने काङ्ग्रेससँग मिलेर सरकार बनाउने र नेकपा (एमाले) लाई एक्लो पार्ने प्रयास भयो, जुन अवसरवाद र अनैतिक राजनीतिको भद्दा अभिव्यक्ति थियो । मधेस केन्द्रित दलहरू संसदको सबैभन्दा ठूलो दल एमालेलाई बाहिर राखेर सरकार बनाउन नहुने मान्यतामा उभिएपछि मात्रै प्रचण्डको वाध्यात्मक समर्थन नेकपा (एमाले) नेतृत्वको सरकारलाई प्राप्त भएको थियो ।

– विस्तारै महाधिवेशनसम्म सबै निर्णय सहमतिका आधारमा गर्ने विधि विपरीत अध्यक्ष तथा प्रधानमन्त्रीका विरूद्ध मोर्चाबन्दी सुरू भयो । २०७६ मङ्सिरमा कार्यकारी अधिकार सहितको जिम्मेवारी पाएपछि पुष्पकमल दहाल 'प्रचण्ड' ले आफ्नो निवासलाई गुटको हेडक्वार्टर बनाए । केन्द्रीय सचिवालय, विचार, पार्टी सञ्चालन र राजनीतिको केन्द्र होइन, कुण्ठा, किचलो र अन्त्यहीन गुटबन्दीको थलो बन्यो ।

— अन्यत्रै बसेर गुटगत निर्णय गर्ने र त्यसैलाई सदर गर्न दबाब दिन थालियो । पार्टीमा बहुकेन्द्र खडा भए ।

– दुई वर्षसम्म प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव राख्न नपाइने संविधानको व्यवस्थाले गर्दा सुरूका दिनमा अलिक मत्थर रहे पनि २०७६ फागुनदेखि प्रधानमन्त्री हटाउने दृष्य–अदृष्य प्रयाश सुरू भए । कालापानी, लिपुलेक र

लिम्पियाधुरा समेटेर नक्सा प्रकाशन गरिएपछि र संसदबाट सर्वसम्मतिका साथ संविधान संशोधन गरिएपछि यो षडयन्त्र तीव्र भयो ।

– पार्टीभित्र विभिन्न प्रश्नमा वहस, विमति र अन्तरसङ्घर्ष हुनु स्वाभाविकै हो । यसरी सिर्जना हुने अन्तरविरोध मित्रतापूर्ण अन्तरविरोध हुन् र तिनलाई वाद-प्रतिवाद- संवादको द्वन्द्वात्मक विधिबाट सकारात्मक ढङ्गले समाधान गर्नु पर्छ । एकता, अन्तरसङ्घर्ष र अझ उन्नत स्तरको एकताको विधिबाट हल गर्दै जानु पर्छ । तर मार्क्सवादको यस स्थापित मान्यताका विपरीत पार्टीभित्र जबर्जस्ती अन्तरविरोध सिर्जना गर्ने, त्यसलाई तिक्ततापूर्ण र निषेधात्मक स्वरूप दिने, अन्तरविरोधमा खेल्ने र विभाजित गर्ने गलत बाटो अवलम्बन गरियो ।

– सतहमा हेर्दा यी गतिविधि पार्टी अध्यक्ष/प्रधानमन्त्री विरूद्ध केन्द्रित देखिए पनि सारमा मुलुकले हासिल गरेको राजनीतिक स्थायित्वलाई उल्ट्याउनेतिर लक्षित थिए ।

  — नेपालले राष्ट्रियताका सवालमा प्राप्त गरेको उपलब्धि विरूद्ध केन्द्रित थिए ।

  — जनतामा जागेको आशावाद र आत्मविश्वास विरूद्ध थिए ।

  — पराजित भएका जातीय-क्षेत्रीय-धार्मिक अतिवादलाई जगाएर राष्ट्रिय एकतालाई खल्बल्याउने उद्देश्य यिनमा निहित थियो ।

  — विपक्षीहरूसँग साँठगाँठ गरेर मुलुकलाई गलत दिशातिर धकेल्ने भित्री मनशाय थियो ।

– पार्टीभित्र उत्पन्न समस्या समाधानका लागि अनेकौं सहमति गरिए । २०७६ मङ्सिरमा कार्यविभाजन गर्दै पहिलो अध्यक्ष सरकारका काममा केन्द्रित हुने र 'प्रचण्ड' ले पार्टी सञ्चालनको कार्यकारी जिम्मेवारी लिने सहमति भयो । एकता महाधिवेशनबाट नेतृत्व हस्तान्तरण र आगामी निर्वाचनमार्फत् नयाँ प्रधानमन्त्री अगाडि सार्ने सार्वजनिक घोषणा गरियो । आजीवन पार्टी र राजकीय नेतृत्वमा कब्जा जमाएर नेतृत्व विकासलाई अवरूद्ध गर्ने विकृत परम्परा विरूद्ध नेतृत्व हस्तान्तरणको यो घोषणा नयाँ विधि बसाल्ने प्रयास थियो । तर 'प्रचण्ड' लगायत नेताहरूबाट यो प्रस्ताव अस्वीकार गरियो ।

– २०७७ साल भदौ २६ गते पार्टीभित्र उत्पन्न समस्या समाधानका लागि स्थायी कमिटीले महत्वपूर्ण निर्णयहरू गर्‍यो । तिनलाई कार्यान्वयन गर्दै पार्टीलाई एकता महाधिवेशनमा अग्रसर गराउन सकेको भए एकता जोगिन सक्थ्यो । तर उक्त निर्णय अनुसार महाधिवेशनको तयारी गर्ने काम भएन ।

  — बरू, २०७७ कार्तिक २८ गते केन्द्रीय सचिवालयको बैठकमा प्रचण्डद्वारा पार्टी अध्यक्ष विरूद्ध अचानक, गंभीर राजनीतिक र फौजदारी

अभियोगसहित आरोप-पत्र वितरण गरियो । उक्त लिखत वस्तुतः पार्टी विभाजनको औपचारिक घोषणा थियो ।

– महाधिवेशनका लागि चार महिना पनि नकुरेर, त्यसभन्दा अगावै घेराबन्दी, जोडघटाउ तथा षडयन्त्रका बलमा नेतृत्व हत्याउने प्रयास थियो । अध्यक्ष लगायत अन्य कमरेडहरूबाट अभियोगपत्र फिर्ता गराएर पार्टीमा सहज वातावरण निर्माण गर्न अन्तिमसम्म प्रयत्न गरियो । प्रतिनिधिसभा विघटनको अघिल्लो दिन (पुस ४ गते) प्रचण्ड निवासमै पुगेर पनि पार्टी एकता जोगाउन आग्रह गरियो । तर पार्टीको मूल नेतृत्वलाई अपमानपूर्वक पदच्यूत गरेर पार्टी कब्जा गर्ने र देशी विदेशी प्रतिक्रियावादीहरूको इच्छापूर्ति गर्न वचनबद्ध नेताहरू सहमत भएनन् । यस्ता गतिविधिका कारण संसद अस्थिरताको थलो बन्ने, नीतिहीन गठबन्धन बन्ने, सरकार बनाउने र विघटनको केन्द्र मात्रै बन्ने स्थिति उत्पन्न हुने भयो । यसै वाध्यात्मक परिस्थितिका बीच २०७७ साल पुस ५ गते प्रतिनिधिसभा विघटन भयो ।

– त्यस पछि अराजकता उत्कर्षमा पुग्यो । महाधिवेशनबाट निर्वाचित र पार्टीको प्रथम अध्यक्षलाई सडकबाटै कार्बाही गर्ने, संसदीय दलको नेताबाट हटाउने, पार्टीको साधारण सदस्यबाटै निष्काशन गर्ने र प्रधानमन्त्रीबाट हटाउन अविश्वास प्रस्ताव पेश गर्ने काम भयो । अन्तरविरोध थियो भने पनि केन्द्रमा प्रधानमन्त्रीसँग थियो, तर प्रदेश सरकारलाई समेत अपदस्थ गराउने प्रयास भयो ।

– यसरी वैचारिक र सङ्गठनात्मक दृष्टिले नेकपा विभाजनको डिलमा पुगेको थियो । २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतको फैसलाले एकीकरण प्रक्रियालाई विधिवत् रूपमै अन्त्य गऱ्यो । त्यसो त, सर्वोच्च अदालतले नेकपाको नाम त्यस अगाडि नै निर्वाचन आयोगमा दर्ता रहेको नेपाल कम्युनिष्ट पार्टीसँग जुधेकाले दर्ता खारेज हुने, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) २०७५ साल जेठ ३ पूर्वकै अवस्थामा कायम रहने तथा पुनः एकीकरण गर्ने हो भने प्रचलित कानुन अनुसार प्रक्रिया सुरू गर्न आदेश दिएको थियो । तदनुरूप निर्वाचन आयोगले १५ दिनको समय दिएर पत्राचार पनि गरेको थियो ।

  — तर पुष्पकमल दहाल 'प्रचण्ड' यस विषयमा सामान्य छलफल गर्न समेत अनिच्छुक देखिए । उल्टै, सर्वोच्चको फैसलालाई उल्ट्याउने प्रयास भयो ।

  — यसरी ठूलो उत्साहका साथ गरिएको पार्टी एकीकरण निष्कर्षमा नपुगी बीचैमा अवरूद्ध भयो ।

– कानुनी र राजनीतिक दृष्टिले नेकपाको एकीकरणको प्रक्रिया भङ्ग भए पनि नेपाली कम्युनिष्ट आन्दोलनलाई एकतावद्ध गर्ने हाम्रो प्रयास इमान्दार थियो । नेकपा (माओवादी केन्द्र) को मूल नेतृत्व, वैचारिक विचलन, सङ्गठनात्मक अस्तव्यस्तता, अवसरवाद र अस्थिरताबाट गुज्रिरहेको तथ्य लुकेको थिएन । तर

पार्टी एकीकरणका माध्यमबाट लोकतान्त्रिक रूपान्तरण संभव हुन सक्छ भन्ने अपेक्षाका साथ जोखिम मोलेरै पार्टी एकता गरिएको थियो ।

— तर सके पार्टी कब्जा गर्ने नसके विभाजन गर्ने प्रचण्डका सोच र व्यवहारका कारण एकीकरण प्रक्रिया निष्कर्षमा नपुगी टुङ्गिएको छ ।

— यसो हुनुमा नवौं महाधिवेशनदेखि नै पारित नीति र निर्वाचित नेतृत्वका विरूद्ध अन्त्यहीन गुटबन्दीमा सङ्लग्न माधव नेपालको कुण्ठा, निहित स्वार्थ र विभाजनकारी क्रियाकलापको समेत ठूलो भूमिका छ ।

– प्रक्रियागत रूपमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकीकरण भङ्ग भएको छ र कानुनी रूपमा हामी नेकपा (एमाले) का रूपमा क्रियाशील छौं । नेकपा (एमाले) को संगठनात्मक र भावनात्मक एकता यसको सफलताको मुख्य आधार हो । यद्यपि यो पार्टी एकीकरणको निरन्तरता र नेकपाको बिरासत बोकेको पार्टी हो । पार्टी एकताको पक्षमा रहनुभएका माओवादी केन्द्रका प्रभावशाली नेताहरू समेत आवद्ध नेकपा (एमाले) आज नयाँ स्वरूपमा पुनर्स्थापित हुँदै अगाडि बढेको छ । कम्युनिष्ट आन्दोलनलाई एकतावद्ध बनाउने प्रयास भोलि पनि जारी रहने छ ।

कमरेडहरू !

– पछिल्लो पटक हामीले साँढे तीन वर्ष सरकार सञ्चालन गऱ्यौं । एउटा ऐतिहासिक र विशेष परिस्थितिका बीच २०७४ फागुन ३ गते बाट जिम्मेवारी सम्हालेको नेकपा (एमाले) नेतृत्वको सरकार एउटा सरकारलाई विस्थापन गरी बनेको अर्को सरकार मात्र थिएन । यो त युगान्तकारी परिवर्तन र संविधान जारी भइसकेपछिको, नयाँ प्रणाली, नयाँ संरचना र नयाँ कार्यभार सहितको सरकार थियो ।

— इतिहासमा यस्तो स्थिति २०१५ सालमा आएको थियो– राणा शासन अन्त्यपछि सम्पन्न आम निर्वाचनबाट ।

— २०४८ सालमा आएको थियो– पञ्चायती शासन अन्त्यपछिको निर्वाचनबाट । तर विगतमा ठूला राजनीतिक परिवर्तनपछि प्रणालीलाई संस्थागत गर्ने काम भएन ।

– त्यसैले त्यस सरकारका काँधमा नयाँ प्रणाली र नयाँ संरचनालाई संस्थागत गर्ने दायित्व थियो । संविधानको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी थियो । कानुनी, वित्तीय र प्रशासनिक प्रबन्ध गरेर सङ्घीयता सफल पार्ने अभिभारा थियो । हिंसात्मक गतिविधि गरिरहेका, पृथकतावादी अभियानमा सङ्लग्न र संविधानसँग कतिपय असहमति राख्ने पक्षलाई सहमतिमा ल्याउनु थियो । सङ्क्रमणकाल र राजनीतिक अस्थिरताका कारण बढेका वाह्य चलखेल र सूक्ष्म व्यवस्थापन अन्त्य गर्दै राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्नु थियो ।

जनताका समृद्धिका सपनालाई पूरा गर्न सामाजिक–आर्थिक रूपान्तरण तीव्र पार्नु आवश्यक थियो । सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति गर्नु थियो । सुशासन सुनिश्चित गर्नु थियो, समाजवादका आधार तयार गर्नु थियो ।

— पहिलो बहुमत-प्राप्त वामपन्थी सरकार हुनाले जनताका अपेक्षा उच्च थिए । एक किसिमको अग्निपरीक्षा सामुन्नेमा थियो– लोकतन्त्र प्राप्तिको आन्दोलनमा अब्बल साबित नेपाली कम्युनिष्टहरू सुशासन र समृद्धिको अभियानमा पनि खरो उत्रिन सक्लान्?

– सरकारले पार्टी महाधिवेशनले पारित गरेको तथा घोषणापत्रमा उल्लेखित अवधारणा 'नेकपा (एमाले) को परिकल्पनाः सुखी नेपाली, समृद्ध नेपालको स्थापना' लाई 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाका रूपमा सूत्रबद्ध गऱ्यो । सबैलाई समान अधिकार तथा अवसरमा समान पहुँच, सबैलाई समानता तथा सामाजिक न्याय र सबैलाई सुरक्षा एवं सम्मानको ग्यारेण्टी हुने प्रणाली स्थापित गर्ने सोचका साथ जनादेशबाट प्राप्त ५ वर्ष को अवधिलाई ४ हिस्सामा विभाजन गरी योजनाबद्ध कामको थालनी गऱ्यो ।

— पहिलो वर्ष : राज्यको संरचनागत व्यवस्थापन र समृद्धिको आधार वर्ष,

— दोश्रो वर्ष : समृद्धिको आरम्भ वर्ष,

— तेश्रो र चौथो वर्ष : कामको निरन्तरताको वर्ष,

— अन्तिम वर्ष : कामको समिक्षा र नयाँ प्रस्ताव तयारीको वर्ष ।

– पार्टीभित्र र बाहिरबाट भएका निरन्तरका असहयोग, घेराबन्दी र विरोधका बाबजुद गएका तीन वर्षमा दूरगामी र ऐतिहासिक उपलब्धि हासिल भएका छन् । प्रतिनिधिमूलक उपलब्धिहरूलाई यसरी उल्लेख गर्न सकिन्छः

— मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनहरू संविधानमा तोकिएकै समयमा निर्माण गरिएको छ । संविधानसँग मेल नखाने सयौं कानुन संशोधन भएका छन् । संघीयताको मान्यता अनुरूप प्रदेश तथा स्थानीय तहलाई सबल, सक्षम एवं क्रियाशील बनाउन वित्तीय, प्रशासनिक र कानुनी प्रबन्ध गरिएका छन् । कर्मचारी समायोजन जस्तो जटिल काम एक वर्षभित्रै सम्पन्न गरिएको छ । मुलुकले संविधान जारी भएको तीन वर्षभित्रै र निर्वाचन भएको पहिलो वर्षमै सङ्घीयतालाई पूर्ण रूपमा कार्यान्वयन गरेर दृष्टान्त स्थापित गरेको छ ।

— तराईमा पृथकतावादी गतिविधि गरिरहेको सिके राउत समूह २०७५ फागुनमा मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र संविधानलाई स्वीकार्दै पृथकतावाद परित्याग गरेर राजनीतिको मूलधारमा समाहित भएको छ । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले

हिंसात्मक क्रियाकलाप परित्याग र राजनीतिक गतिविधि शान्तिपूर्ण ढङ्गमा सञ्चालन गर्ने प्रतिवद्धता सहित २०७७ फागुनमा सरकारसँग तीन बुँदे सहमति गरेको छ ।

— हिंसा र पृथकतावादी द्वन्द्व अन्त्य हुनु र संविधान निर्माणको प्रक्रियाबाट बाहिरिएका मधेस केन्द्रित दलहरू पनि संविधानको स्वामित्व ग्रहण गर्ने स्थितिमा आइपुग्नु दूरगामी महत्वको उपलब्धि हो ।

— नेपाल विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि सिफारिस भएको छ । दीर्घकालीन सोच सहितको पन्ध्रौं पञ्चवर्षीय योजना निर्माण भएको छ । सन् २०३० अगावै दिगो विकास लक्ष्य हासिल गर्ने र मध्यम आय भएको मुलुकमा स्तरोन्नत हुने आधार तयार गरिएको छ ।

— वाह्य सम्बन्धमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । नयाँ र एकीकृत परराष्ट्र नीति जारी गरिएको छ । नेपालको छवि, भूमिका र सक्रियता विश्व मञ्चमा बढ्दै गएको छ ।

— भारतसँग आर्थिक र विकास साझेदारी सुदृढ भएको छ । सीमा वारपार पेट्रोलियम  पाइपलाइन निर्माण जस्ता योजना सम्पन्न भएका छन् ।

— चीनसँगको सम्बन्ध स्तरोन्नत भएर 'विकास र समृद्धिका लागि रणनीतिक साझेदारी' मा परिणत भएको छ । हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जालको रूपरेखा अन्तरगतका काम अगाडि बढेका छन् । पारवहन प्रोटोकलमा हस्ताक्षर भएको छ ।

— कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेत मिलाएर प्रशासनिक-राजनीतिक नक्सा प्रकाशन गरेको छ । सर्वसम्मत रूपमा संविधान संशोधन गरेर नेपालको निशान छापमा नयाँ नक्सा समावेश गरिएको छ ।

— नेपालले आफ्नै प्राविधिक जनशक्तिका बलमा सगरमाथाको उचाइ मापन गरेको छ । गएको मङ्सिरमा चीन सरकारसँग समन्वय गरेर संयुक्त रूपमा सगरमाथाको उचाइ (८,८४८.८६ मी) घोषणा गरिएको छ । नेपालको आफ्नै पहिलो भूउपग्रह (न्यानो-स्याटलाइट) अन्तरिक्षमा प्रक्षेपण गरेको छ ।

– भौतिक विकासको रफ्तार बुझाउन एउटा तथ्य उल्लेख गर्नु सान्दर्भिक ठानेको छु । सरकार सञ्चालनको तीन वर्षको सरदर उपलब्धि हेर्दा-

— प्रतिदिन ५ किमी भन्दा बढी कालोपत्र सडक निर्माण भएको छ ।

— प्रतिदिन दिन कम्तिमा १२ जनता आवास भवन निर्माण गरिएको छ ।

— प्रतिदिन दिन सरदर एक भन्दा बढी झोलुङ्गे पुल निर्माण भएको छ ।

— हरेक दोश्रो दिन कम्तिमा एउटा सडक पुल निर्माण भएको छ ।

— हरेक तेश्रो दिन सरदर एउटा ग्रामीण पुल निर्माण भएको छ ।

- भूकम्पपछिको पुनर्निर्माणमा हामीले उदाहरणीय प्रगति गऱ्यौं, आफ्नो दायित्व तोकिएको समय सीमा भित्रै सम्पन्न गरेका छौं ।
- कुल जडित विद्युत् क्षमता १,४३० मेगावाट पुगेको छ । माथिल्लो तामाकोशी आयोजना संपन्न भएको छ । मेलम्ची आयोजना सम्पन्न भएर काठमाडौं उपत्यकामा खानेपानी वितरण सुरू भएको छ (अहिले मेलम्ची विनाशकारी बाढीको चपेटामा परेको छ)।
- सामाजिक सुरक्षा प्रणालीलाई जीवन-चक्र आधारित बनाइएको छ । विभिन्न आठ प्रकारका सामाजिक सुरक्षा भत्ता पाउनेको सङ्ख्या ३० लाख ६० हजार पुगेको छ । लाखौं नागरिकलाई स्वास्थ्य बिमामा आवद्ध गरिएको छ ।
- सरकारको नेतृत्व छोड्नु अघि नै सबै नागरिकलाई पुग्ने खोपको प्रबन्ध गर्दै निःशुल्क खोप सुनिश्चित गरिएको छ । खोप अभियान सुरू गर्ने नेपाल दक्षिण एसियामै दोस्रो मुलुक बन्न पुगेको छ ।
- द्वन्द्वमा घाइते हुनेका लागि निःशुल्क उपचारको व्यवस्थाका साथै विभिन्न आन्दोलन र संघर्षका योद्धाहरूलाई 'लोकतन्त्रका योद्धा' सम्मान र परिचय-पत्रको व्यवस्था सुरू गरिएको छ ।
- भ्रष्टाचार, राजश्व चुहावट र सम्पत्ति शुद्धीकरण अन्तर्गत महत्वपूर्ण काम भएका छन् । सिरहा, सर्लाही र बर्दिया जिल्लाको ३०१ बिघा सरकारी र सार्वजनिक जग्गा फिर्ता गराइएको छ । काठमाडौंको ललिता निवासको १३६ रोपनी जग्गा हडप्ने कार्य विरूद्ध मुद्दा जारी छ । मातातीर्थको १७४ रोपनी जग्गा र धरानको सर्दु जलाधार क्षेत्रको जमिनमा भएको अनियमितताको छानबिन भइरहेको छ ।
- सङ्क्षेपमा यस अवधिमा-

— प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) १,१९६ पुगेको छ ।

— निरपेक्ष गरिबीको रेखामुनिका जनसङ्ख्या (प्रतिशत) २१.६ बाट १८.७ मा झरेको छ ।

— बहुआयामिक गरिबी सूचकाङ्क ३०.१ बाट १७.४ मा झरेको छ ।

— मानव विकास सूचकाङ्क ०.५७९ बाट ०.६०२ पुगेको छ ।

— श्रमिकको न्यूनतम पारिश्रमिक रू. ९ हजार ७ सयबाट १५ हजार पुगेको छ।

- हाम्रो नेतृत्वमा रहेका प्रदेश सरकारहरूले महत्वपूर्ण काम गरेका छन् । सङ्घीयताको पहिलो अभ्यास र कुनै पूर्वाधार नभएको अवस्थाबाट सुरू गरेर

प्रदेशको आवधिक योजना निर्माण गर्ने, प्रदेशको नामाकरण र राजधानीको विषय टुङ्गो लगाउने काम मूलतः सम्पन्न भएका छन् । प्रादेशिक सडक र पुल लगायत भौतिक पूर्वाधारमा उल्लेख्य उपलब्धि हासिल भएको छ भने स्वास्थ्य पूर्वाधारमा ठूलो फड्को मारिएको छ । कोभिड महामारीमा प्रदेश सरकारहरूले जनताको नजिकमा रहेर सेवा पुऱ्याएका छन् ।

– स्थानीय तहमा पार्टीका तर्फबाट विजयी जनप्रतिनिधिमध्ये धेरैले जनताको मन जित्ने गरी काम गरेका छन् । स्थानीय स्वायत्त शासनको अनुभूति दिलाएका छन् । सरकारी सेवालाई जनताको घर आँगनमै पुऱ्याउन तथा स्थानीय आवश्यकता अनुरूपका विकास निर्माणका कामलाई अगाडि बढाउन स्थानीय जनप्रतिनिधिहरूको भूमिका महत्वपूर्ण रहेको छ ।

– पार्टीभित्र जारी अस्वस्थ स्थितिले केन्द्रमा सरकारका कामलाई जसरी गंभीर रूपमा प्रभावित गरे, त्यसरी नै प्रदेश सरकार र स्थानीय तहका कामहरू प्रभावित हुन पुगे । यसले गर्दा संस्थागत निर्णय प्रक्रिया, पार्टी र सरकार/स्थानीय तहका काममा आवश्यक समन्वय, सरकारका उपलब्धिको अपनत्व लिने र त्यसलाई जनताबीच स्थापित गर्ने सन्दर्भमा पार्टीको भूमिकामा कमजोरी र समस्या पनि देखा परे ।

– अब प्रत्येक पार्टी कमिटीहरूले आफ्नो स्तरका सरकारहरूका कार्यसम्पादनको समग्र समीक्षा गर्नु पर्छ । रहेका कमीहरू हटाउन रचनात्मक सहयोग गर्नु पर्छ । प्राप्त उपलब्धिहरूलाई जनताका बीचमा स्थापित गर्नु पर्छ । अझ प्रभावकारी भूमिकाका लागि प्रोत्साहन गर्नु पर्छ ।

प्रिय प्रतिनिधि कमरेडहरू !

– गत बर्षको पुसमा प्रतिनिधिसभा विघटन भएदेखि राजनीतिको केन्द्र अहिले संसदमा भन्दा न्यायालय भएजस्तो देखिएको छ । २०७७ फागुन ११ गते सर्वोच्च अदालतले पुनर्स्थापना गरेको प्रतिनिधिसभा, तीन महिनासम्म निष्प्रभावी बन्न पुग्यो । सर्वोच्चको अर्को फैसलाले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पुरानै अवस्थामा फर्केपछि धारा ७६ (१) को सरकार धारा ७६ (२) मा रूपान्तरित भयो । यो अन्यौललाई स्पष्ट पार्न मैले २०७८ वैशाख २७ गते प्रतिनिधिसभामा विश्वासको मत माग्ने प्रस्ताव प्रस्तुत गरें । उक्त प्रस्ताव पार्टीकै २८ जना सांसदहरूको अनुपस्थितिका कारण विफल भएपछि संविधानको धारा ७६ (२) अनुसारको अर्को सरकार बन्न सकेन । दलहरू बीचको तिक्तता र ध्रुवीकरण, दलहरू भित्रैका अन्तरद्वन्द्व एवं स्वार्थप्रेरित गतिविधिले प्रतिनिधिसभा न विद्यमान सरकारलाई समर्थन नै गर्न सक्ने, न त वैकल्पिक सरकार नै दिन सक्ने गरी अकर्मण्य बन्न पुग्यो ।

– संविधानको धारा ७६ (३) बमोजिम २०७८ वैशाख ३० गते अल्पमतको सरकार गठन भयो । तर दलहरू बीचको सम्बन्धमा तात्विक अन्तर आउन सकेन ।

पार्टीभित्रको समस्या पनि समाधान हुन सकेन । सरकारले विश्वासको मत पाउन सक्ने ठोस आधार देखिएन । यस्तो पृष्ठभूमिमा प्रधानमन्त्रीका तर्फबाट मार्गप्रशस्त गर्दै संविधानको धारा ७६ (५) अनुसार सरकार बनाउन २०७८ जेठ ६ गते राष्ट्रपति समक्ष सिफारिस भयो ।

– त्यसबीच जनता समाजवादी पार्टीले धारा ७६ (५) अनुसार मेरो नेतृत्वमा सरकार बनाउन त्यस पार्टी र संसदीय दल दुबैको संस्थागत समर्थनको पत्र हस्तान्तरण गऱ्यो । विकसित परिस्थिति अनुसार नेकपा (एमाले) का १२१ र जसपाका ३२ सांसदहरूको समर्थनको आधारसहित प्रधानमन्त्रीमा मैले दाबा प्रस्तुत गरें ।

– शेरबहादुर देउवाका तर्फबाट नेपाली काङ्ग्रेस, माओवादी केन्द्र र राजमोको संस्थागत निर्णयका अतिरिक्त नेकपा (एमाले) का २६ र जसपाका १२ जना सांसदहरूको हस्ताक्षर सहितको दाबी प्रस्तुत भयो ।

    — मुलुकले अवलम्बन गरेको बहुदलीय प्रतिष्पर्धात्मक लोकतान्त्रिक प्रणाली, राजनीतिक दल सम्बन्धी संविधानको व्यवस्था र प्रचलित कानुन अनुसार शेरबहादुर देउवाको पक्षमा पेश गरिएका नेकपा (एमाले) र जसपाका सांसदहरूको हस्ताक्षर अनधिकृत थिए ।

– राष्ट्रपतिबाट प्रधानमन्त्रीमा दुबै उम्मेदवारका दाबीलाई अस्वीकार भयो । ७६ (५) अनुसार सरकार बन्न नसके पछि संवैधानिक दायित्व निर्वाह गर्दै सरकारले संविधानको धारा ७६ (७) अनुसार प्रतिनिधिसभा विघटन गर्ने बाध्यात्मक निर्णय गऱ्यो । २०७८ कार्तिक र मङ्सिरमा निर्वाचनको मिति तोकियो ।

    — यस्तो अवस्था, पार्टीहरू बीच चुलिएको अन्तरविरोध र नेकपा (एमाले) भित्र सुरू भएर पार्टीको दायरा बाहिर पुगेको अन्तरद्वन्द्वको परिणाम थियो ।

    — तर यो राजनीतिक समस्याको समाधान कानुनी हिसाबमा खोज्ने काम भयो । अदालतमा दर्जनौं मुद्दा हालिए ।

    — गएको असार २८ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने आदेश मात्रै जारी गरेन, शेरबहादुर देउवालाई समय तोकेरै प्रधानमन्त्री नियुक्त गर्न परमादेश नै जारी गऱ्यो ।

– सर्वोच्च अदालतको फैसला संविधानको अपव्याख्यामाथि आधारित छ । यसबाट विभिन्न शक्ति केन्द्रको स्वार्थका खातिर आर्थिक-सामाजिक रूपान्तरणको अभियानलाई अवरूद्ध गर्ने, उल्ट्याउने र राष्ट्रलाई अस्थिरता एवं द्वन्द्वको भुँवरीमा धकेल्ने प्रयास भएको छ ।

– फैसलाले कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक प्रणाली, संवैधानिक व्यवस्था र जनताको सर्वोच्चतामाथि चुनौती खडा गरेको छ ।

– नेकपा (एमाले) संविधानको सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायपालिकामाथि विश्वास गर्दछ । त्यसैले फैसलाका विभिन्न विषयमा हाम्रो आलोचना, विमति र गहिरो आशङ्काका बाबजुद पार्टीका तर्फबाट फैसला कार्यान्वयन गरिसकिएको छ ।

—— फैसलाबाट सिर्जित राजनीतिक विकृतिहरूको मूल्य नेपालको लोकतान्त्रिक प्रणालीले लामो समयसम्म चुकाउनु पर्ने छ ।

—— त्यसका परिणामहरू देखिन थालिसकेका छन् ।

—— फैसलाका गलत विषयलाई लिएर आफ्ना दृष्टिकोण, मान्यता र अवधारणाहरू स्पष्ट पार्न पार्टीले जनता माझ व्यापक बहस सञ्चालन गर्नु पर्छ ।

—— यसले सिर्जना गरेका नकारात्मक असर अन्त्य गर्न र दलीय प्रणालीको संरचना अक्षुण्ण राख्न संवैधानिक माध्यमबाट हाम्रा प्रयास जारी राख्नु पर्छ ।

– जनादेशको सरकारलाई विस्थापन गरेर परमादेशबाट बनेको यस सरकारको सुरूवात नै जनहितका विरूद्ध, राष्ट्रिय हितका विरूद्ध र लोकतन्त्रका विरूद्धका निर्णयबाट भएको छ ।

—— भूमिसम्बन्धी आयोग विघटन गरेर यसले मुलुकका लाखौं भूमिहीन र सुकुम्बासीका आशा भरोसामा कुठाराघात गर्ने र जनविरोधी वर्गचरित्र प्रदर्शन गर्ने काम गरेको छ ।

—— स्रोत नखुलेको पुँजीलाई वैधता दिने सरकारको नीतिले यसको दलाल पुँजीवादी चरित्रलाई स्पष्ट पारेको छ ।

—— हाम्रो नेतृत्वको सरकारले सुरू गरेका सडक लगायत सयौं विकास परियोजनाहरू खारेज गरेर गठबन्धनले आफ्नो विकास विरोधी मुहार उदाङ्गो पारेको छ ।

कमरेडहरू !

– संसदको अधिवेशन चलिरहेको पृष्ठभूमिमा हठात् अधिवेशन अन्त्य गरेर सरकारले २०७८ भदौ १ गते केन्द्रीय समिति वा संसदीय दलमध्ये कुनैमा २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सक्ने अध्यादेश जारी गऱ्यो । अध्यादेश प्रमुख प्रतिपक्ष दललाई जसरी पनि विभाजित गर्ने दूषित मनशायका साथ ल्याइएको थियो । त्यो अध्यादेश अलोकतान्त्रिक, असंसदीय र विकृत राजनीतिको भद्दा दृष्टान्त हो ।

– अध्यादेशले पार्टी विभाजन गर्ने बाटो खोलि दिएपछि नेकपा (एमाले) बाट अलगिएर केही व्यक्तिहरूले नेकपा (एकीकृत समाजवादी) नामको समूह गठन

गरेका छन् । ती व्यक्तिहरूको बहिर्गमन र तिनीहरूबाट गठन गरिएको अलग समूह पछाडि कुनै सैद्धान्तिक, राजनीतिक या नीतिगत आधार छैनन् । यो त केबल आर्थिक-सामाजिक रूपान्तरणको संवाहकका रूपमा रहेको नेकपा (एमाले) लाई जसरी पनि विभाजित गरी छाड्ने वृहत् योजनाको एउटा अङ्गको रूपमा घटित घटना हो । तसर्थ, विभाजनको कुनै औचित्य छैन ।

— विभाजनका मुख्य योजनाकार माधवकुमार नेपाल नवौं राष्ट्रिय महाधिवेशनदेखि नै पार्टीका नीति र नेतृत्वका विरूद्ध अन्त्यहीन गुटबन्दी, किचलो र असहयोगमा सङ्लग्न थिए । २०७३ सालमा पनि एमाले नेतृत्वको सरकारलाई विस्थापित गर्ने भित्री योजनाकार थिए । एमाले नेतृत्वको सरकारलाई जुनसुकै मूल्यमा अपदस्थ गर्न, प्रदेशहरूमा एमाले सरकारलाई विफल पार्न, पार्टीका उम्मेदवारहरूलाई पराजित गर्न र आन्दोलनलाई विपक्षीहरूको सेवामा समर्पित गर्न उनीहरूबाट भएका गतिविधि सार्वजनिक नै छन् ।

— निहित स्वार्थ, कुण्ठा र प्रतिशोधको जगमा उभिएको तथा विपक्षी शक्तिहरूको दुरूत्साहन र योजनामा जन्मिएको यस समूहप्रति पार्टीका अधिकांश नेता, कार्यकर्ता र आम जनताको आपत्ति, आक्रोश र तिरष्कार छ । एउटा उचाइमा पुगेको कम्युनिष्ट आन्दोलनलाई कमजोर गर्ने यस समूहका अवसरवादी, विभाजनकारी र आन्दोलन विरोधी चरित्रलाई जनस्तरसम्मै खण्डन, आलोचना र भण्डाफोर गर्नु पर्छ । आन्दोलनलाई समाप्त पार्ने योजनालाई विफल पार्नु पर्छ ।

— नेकपा (एमाले)लाई विभाजन गराउन र उनीहरूलाई वैधता दिन अदालत, निर्वाचन आयोग र सभामुखको समेत सहयोगी भूमिका रहेको छ, जसलाई हामीले कानुनसम्मत प्रतिवाद गर्ने छौं ।

कमरेडहरू !

— नेकपा (एमाले) को आन्तरिक जीवनमा विगत लामो समयदेखि समस्या, कटुता र असमझदारी पैदा हुँदै आयो । यसले पार्टीलाई गंभीर रूपले प्रभावित गर्दै ल्यायो । समस्याका समाधानका लागि अध्यक्ष लगायत नेतृत्व तहबाट औपचारिक र अनौपचारिक दुबै हिसाबले विभिन्न प्रयत्न पनि हुँदै आए । यसै सिलसिलामा २०७८ साल जेठ १ गते कार्यदल गठन भएको थियो । कार्यदलले लामो प्रयास र गहन छलफलपश्चात् असार २७ गते 'नेकपा (एमाले) मा विद्यमान समस्या समाधान सम्बन्धी प्रस्ताव' तयार गर्‍यो । असार २८ गते अध्यक्ष समक्ष प्रस्तुत उक्त सिफारिसलाई अध्यक्षकै प्रस्तावमा पार्टी स्थायी कमिटी र केन्द्रीय कमिटीले ग्रहण र अनुमोदन गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरेको छ ।

  — यद्यपि आफ्नै सहमतिमा तयार पारिएको उक्त प्रस्तावलाई अस्वीकार गर्दै माधवकुमार नेपालसहितका कतिपय व्यक्तिहरू पार्टीबाट अलगिएका छन् ।

— पार्टी एकता जोगाउन प्रदर्शित अधिकतम लचकताका बाबजुद हरहालतमा पार्टी विभाजन गरी छाड्ने माधव नेपालको योजना स्पष्ट भएपछि पार्टीभित्रको अन्तरसङ्घर्षमा साथमा रहनुभएका अधिकांश कमरेडहरू त्यसलाई अस्वीकार गरेर एकताको पक्षमा उभिनु भएको छ । यो स्वाग( तयोग्य निर्णय हो ।

– प्रस्तावलाई कार्यान्वयन गर्ने प्रक्रिया अनुरूप कार्यदलका सदस्यहरू सहित पार्टी एकताको पक्षमा उभिनु भएका कमरेडहरू समेत सहभागी भएर भदौ ८ गते पार्टी स्थायी कमिटी र भदौ १० गते केन्द्रीय कमिटी बैठक आयोजना गरियो । यी बैठकहरूको विशेष महत्व छ ।

– विभाजनको विपक्षमा र पार्टी एकताको रक्षाका लागि माओवादी केन्द्र पृष्ठभूमिका कमरेडहरू सहित विभिन्न नेताहरूको सकारात्मक योगदान रहेको छ । विभाजन होइन, एकीकरण र एकता नै नेकपा (एमाले) को संस्कार एवं परम्परा हो । आगामी दिनमा पनि पार्टीले कम्युनिष्ट आन्दोलनको एकताका लागि प्रयास जारी राख्ने छ । र, नेकपा (एमाले) लाई नेपाली कम्युनिष्ट आन्दोलनको मात्र हैन, नेपालको राजनीतिकै मूलधार र नेतृत्वदायी शक्तिका रूपमा थप सशक्त बनाउँदै लैजाने छ ।

— लामो समयसम्म गतिहीन र अकर्मण्य जस्तो बनेको पार्टी जीवनलाई उर्जाशील बनाउन पार्टी सदस्यता नवीकरण गर्ने,

— नयाँ सदस्यता प्रदान गर्ने,

— स्थानीय तहका अधिवेशनहरू आयोजना गर्ने,

— राष्ट्रिय महाधिवेशनको तयारी गर्ने,

— पार्टीलाई वैचारिक रूपमा स्पष्ट,

— सङ्गठनात्मक हिसाबले चुस्त,

— भावनात्मक रूपमा एकताबद्ध,

— जनतासँग घनिष्ट रूपमा आबद्ध र

— नयाँ चुनौतीहरूको सामना गर्न सक्षम एवं प्रतिबद्ध तुल्याउन जरूरी छ ।

प्रिय प्रतिनिधि कमरेडहरू !

– समाजवाद पार्टीको रणनीतिक लक्ष्य हो । आज हामी समाजवादका आधार निर्माण गर्ने चरणमा छौं । संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्दै समाजवाद- उन्मुख समाज र समृद्ध राष्ट्र निर्माण गर्नु सिङ्गो राष्ट्रको कार्यभार हो । यो नेकपा (एमाले) को पनि

एउटा मुख्य कार्यभार हो । सरकारको नेतृत्व गरिरहँदा होस् या प्रतिपक्षमा रहँदा, पार्टी यसै विषयमा प्रयत्नशील रहँदै आएको छ ।

— 'समृद्ध नेपाल, सुखी नेपाली' समाजवाद- उन्मुख राज्यलाई अभिव्यक्त गर्ने हाम्रो नारा हो ।

— हामीले भनेको लोकतन्त्र परिपूर्ण लोकतन्त्र (कम्प्रेहेन्सीभ डेमोक्रेसी) हो ।

– समाजवाद- उन्मुख राज्यप्रणालीको आधार निर्माण भनेको स्वयंमा समाजवादी क्रान्ति या समाजवादी व्यवस्थाको स्थापना होइन । हाम्रो सन्दर्भमा समाजवाद- उन्मुख राज्यव्यवस्था मूलतः लोककल्याणकारी चरित्रको, खुला, प्रतिस्पर्धी एवं आर्थिक-सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ-राजनीतिक प्रणालीसहितको राज्यव्यवस्था हो ।

— राष्ट्रिय पुँजी निर्माणको अवस्था कमजोर रहेको वास्तविकता,

— संविधानतः निजी सम्पत्तिमाथिको अधिकार अक्षुण्ण र प्राकृतिक स्रोतमाथि व्यक्ति एवं समुदायको अधिकार सुरक्षित रहेको यथार्थ,

— खुला व्यापार, निजी लगानी र आर्थिक सम्बन्धबारे पूर्व सन्धी, सम्झौता तथा कानूनी प्रबन्धले निर्माण गरेका सीमा,

— दातृ निकायसँगका सम्बन्ध,

— परनिर्भरता, सङ्घीयताको नयाँ अभ्यास जस्ता ...

यथार्थका बीचबाट हामीले समाजवाद- उन्मुख प्रणाली निर्माण गर्नु पर्नेछ ।

– समाजवाद निर्माणका लागि अपरिहार्य रहेको सार्वजनिक क्षेत्र कमजोर छ । शिक्षा र स्वास्थ्य क्षेत्रको एक किसिमले व्यापारीकरण भएको छ । उद्योग व्यवसाय, बैङ्किङ, सार्वजनिक यातायात लगायत क्षेत्रमा राज्यको उपस्थिति कमजोर छ ।

— यी यथार्थको बीचबाट हामीले समाजवादका आधार निर्माण गर्ने दिशामा अगाडि बढ्नु पर्ने छ ।

– विगतका दशकमा देशमा राजनीतिक प्रणालीमा, राज्य संरचनामा र जनचेतना एवं जनआकाङ्क्षामा परिवर्तन भयो । खुला समाज व्यवस्था, स्वतन्त्र नागरिक समाज, पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको विकास तथा राष्ट्रिय अन्तर्राष्ट्रिय आवद्धता बढ्यो । तर सशस्त्र द्वन्द्वले कमजोर बनाएको राज्य प्रणाली, राजनीतिक सङ्क्रमण र अस्थिर सरकारका कारण विभिन्न पक्षबाट राज्यको स्रोत साधन र अवसरको दोहन बढ्यो ।

— सीमित व्यक्ति वा वर्गको हातमा शक्ति केन्द्रित भयो ।

— खानी, जलस्रोत र जमीन लगायत क्षेत्रको लाभ सीमित व्यक्तिको हातमा पुग्यो ।

— जनताका बीचमा समाजवादको सपना बाँड्ने तर राजनीतिक संरक्षणमा ठूला व्यापारी र दलाल पुँजीपतिका हितमा व्यवसाय सुम्पने,

— वास्तविक लागत भन्दा करोडौं बढीमा आयोजना ठेक्का दिने, ठेक्का पट्टा स्वीकृतिमा कमिशन उठाउने र भ्रष्टाचारलाई संस्थागत गर्ने जस्ता काम भए।

— भ्रष्टाचारलाई संरक्षण दिने अभिप्रायले संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति गरिए ।

- मुलुकमा औद्योगीकरणको स्तर न्यून छ । समग्र उत्पादकत्व कमजोर छ । व्यवसायीहरूको एउटा पङ्क्तिमा उद्योग खोली रोजगारी सिर्जना गर्ने भन्दा व्यापारबाट नाफा कमाउने प्रवृत्ति व्याप्त छ ।

  — कृषि क्षेत्रबाट मुक्त भएको, प्रारम्भिक शिक्षा हासिल गरेको र सूचना प्रविधिका माध्यमले एकहदसम्म विश्वसँग परिचित युवा शक्ति श्रम बजारमा उपस्थित छ । तर उसका लागि रोजगारीका अवसर छैनन् ।

  — वैदेशिक रोजगारी, सेवा क्षेत्र र स्वरोजगारीमा ठूलो श्रम शक्ति सङ्लग्न भए पनि कृषि र उद्योग क्षेत्रले रोजगारी सिर्जना गर्न सकिरहेका छैनन्।

  — यो अन्तरविरोधको सकारात्मक समाधान आवश्यक छ ।

- बढ्दो आर्थिक विषमता चुनौतीका रूपमा छ । राष्ट्रिय जीवनस्तर सर्वेक्षणको पछिल्लो तथ्याङ्कले देखाउँछ- ४० प्रतिशत गरिब नेपालीसँग जति सम्पत्ति छ, १० प्रतिशत धनीसँग त्यसको २६ गुणा भन्दा बढी सम्पत्ति छ । १० प्रतिशत धनी नेपालीको आम्दानी, ४० प्रतिशत गरिब नेपालीको भन्दा ३ गुणा बढी छ । राष्ट्रिय जीवनस्तर सर्वेक्षणको पाँचभाग समूह विश्लेषण (शेयर अफ इन्कम बाइ क्वीण्टील)का अनुसार २० प्रतिशत धनीहरूको आयमा हिस्सा ५६.२ हुँदा गरिब २० प्रतिशतको हिस्सामा ४.१ मात्र छ ।

- नेपालीहरूका लागि जमीन भावनात्मक सम्पत्तिको रूपमा रहेको छ । तर यस माथिको स्वामित्व असमान छ ।

- सम्पत्तिमाथि रोजगारदाताको भन्दा शेयरधनीहरूको नियन्त्रण बढ्दै छ । ती शेयरधनीमा आम नागरिकको शेयर विभिन्न प्रपञ्च गरी हात पार्ने धनाढ्य वर्गकै वर्चश्व देखिन्छ । बैङ्कमा नागरिकको बैङ्क खाता र निक्षेप दुबै बढेको छ । तर यसको लाभ सयको हाराहारीका ठूला घरानाहरूले बढी मात्रामा लिएका छन् ।

— फराकिलो हुँदै जानु पर्ने मध्यम वर्गको आय ओरालो लागेको छ ।

— सार्वजनिक निर्माण, यातायात, शिक्षा र स्वास्थ्य जस्ता जनसरोकारका विषयमा सीमित घराना या व्यवसायीहरूको सिण्डिकेट तोडिन नसक्दा उपभोक्ता ठगिने क्रम जारी छ ।

— राजस्वको व्यापक दुरूपयोग हुनुका साथै जनता, पाउनै पर्ने सेवाबाट बञ्चित भइरहेका छन् ।

— दलाल पुँजी भनिने पराश्रित एवं अनुत्पादक पुँजीले राष्ट्रिय पुँजी निर्माणमा अबरोध सिर्जना गरिरहेको छ ।

- सशस्त्र सङ्घर्षको बाटोबाट क्रान्ति सम्पन्न भएका मुलुकमा समाजवादी व्यवस्था स्थापनाका आफ्नै अनुभव छन् । त्यहाँ जमिनको सामूहिकीकरण र उद्योगधन्धाहरूको राष्ट्रियकरण मार्फत् समाजवादका आधार तयार गरिएको देखिन्छ । ब्युरोक्रेशीलाई पूर्ण परिवर्तन गरेको देखिन्छ । यस प्रक्रियामा अवरोध गर्ने पक्षलाई राज्यले नियन्त्रणको विधि अपनाएर अगाडि बढेको पाइन्छ ।

- लोकतान्त्रिक प्रतिष्पर्धा, शान्तिपूर्ण र संवैधानिक प्रक्रियाको बाटो तय गरेको हाम्रो मुलुकका लागि समाजवाद निर्माणका ती अनुभव जस्ताका तस्तै सान्दर्भिक हुन सक्दैनन् । हामीले समाजवाद निर्माणको आफ्नै विशिष्ट बाटो पहिल्याउनु पर्छ ।

  — हामीले हिड्ने बाटो चुनौतीपूर्ण र अपेक्षाकृत लामो हुनेछ ।

  — प्रतिक्रियावादी शक्तिहरूबाट सिर्जना हुने अनेकौं अवरोध छिचोल्दै निरन्तरको प्रयास तथा दृढ सङ्कल्पबाट मात्र समाजवाद प्राप्त हुनेछ ।

  — यो काम कठिन हो, तर असंभव भने होइन ।

- समाजवाद कम्युनिष्ट पार्टीको नेतृत्वको सरकार बन्नासाथ आइहाल्ने प्रणाली होइन। समाजवाद- उन्मुख आर्थिक प्रणालीको आधार निर्माणको कुरा गर्दा यस्ता बिरासत र चुनौती सहित मूलतः निम्न कुरामा ध्यान दिनु पर्ने हुन्छ ।

  — उत्पादनका साधनमा सबैको पहुँच विस्तार,

  — योग्यता अनुसारको काम र काम अनुसारको पारिश्रमिकको व्यवस्था

  — राष्ट्रिय पुँजी निर्माण मार्फत् स्वाधीन अर्थप्रणालीको विकास,

  — गुणस्तरीय सर्वसुलभ शिक्षा, स्वास्थ्य र सामाजिक सेवाहरूको प्रत्याभूति,

  — आय र सम्पत्तिको पुनर्वितरण मार्फत लोककल्याणकारी राज्यको स्थापना तथा सर्वकालिक सामाजिक सुरक्षा,

— आर्थिक, सामाजिक, सांस्कृतिक र लैङ्गिक विभेदको अन्त्य एवं सहभागितामूलक उत्पादन र विकास पद्धति ।

– तीन वर्षको छोटो समयमै माथिका सबै काम पूरा गर्नु संभव थिएन । तैपनि सरकारले कानूनी, संस्थागत, नीतिगत, प्रशासनिक र आर्थिक-सामाजिक परिवर्तन एवं रूपान्तरणका जे जति काम गरेको छ, त्यसले समाजवाद-उन्मुख अर्थतन्त्रको जग बस्न सुरू गरेको छ ।

– समाजवाद गन्तव्यको नाम मात्रै होइन, यो निरन्तर प्रकृया र अभियान पनि हो । आधारभूत वस्तुगत भौतिक स्थिति तयार नगरी समाजवादमा सङ्क्रमण गर्न खोज्नु हतारो हुन्छ । स्वाधीन, स्वावलम्वी राष्ट्रिय अर्थतन्त्र निर्माण नगरी बलपूर्वक समाजवादको घोषणा गरेपनि त्यो समाजवाद हुँदैन, समाजवादले दिने प्रतिफल त्यसबाट प्राप्त पनि हुँदैन ।

— सामाजिक न्याय बिनाको आर्थिक वृद्धिमा एकतर्फी जोडले आर्थिक विषमता बढाउँदै समाजवादलाई पर धकेल्दै लैजान्छ ।

— न्यायोचित वितरणमा एकतर्फी जोडले गरिबीको पुनर्वितरणतिर धकेल्छ ।

— सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास नगरी राष्ट्रियताको रक्षा र सुदृढीकरण पनि गर्न सकिँदैन ।

— अस्थिरताको भुँवरीबाट समाजवाद स्थापना गर्न सकिँदैन भन्ने यथार्थलाई हामीले बुझ्नै पर्छ ।

कमरेडहरू !

– संविधान कस्तो बन्छ, सङ्क्रमणकाल कसरी टुङ्गिन्छ र आन्दोलनका उपलब्धि कसरी र संस्थागत हुन्छन् भन्ने निर्क्योल भइनसकेको अवस्थामा नवौं राष्ट्रिय महाधिवेशन आयोजना भएको थियो ।

– पार्टीकै पहल, नेतृत्व र निर्णायक भूमिकाका बलमा संविधान निर्माण भएर जारी भइसकेको छ । पछिल्लो समय २०६२/६३ को परिवर्तनबाट अगाडि बढेको नेपाली क्रान्तिको प्रक्रिया, संविधानमार्फत् भएको यसको संस्थागत विकास, यसका सीमा र अबको बाटो सम्बन्धमा थप स्पष्टता आवश्यक छ ।

– नवौं महाधिवेशनले यसलाई मौलिक ढङ्गले सम्पन्न नेपालको पुँजीवादी-जनवादी क्रान्ति भनेर विश्लेषण गरेको छ । अब नेपाली समाज प्रारम्भिक अवस्थाको पुँजीवादी चरणमा पुगेको विश्लेषण गरेको छ । समाजवादको आधार तयार गर्दै अघि बढ्ने आर्थिक-सामाजिक रूपान्तरणको कार्यक्रम अर्थात् जनताको बहुदलीय जनवादी कार्यक्रम नै हाम्रो तात्कालिक कार्यक्रम हो भन्ने निष्कर्ष निकालेको छ ।

— यस सम्बन्धी महाधिवेशनको विश्लेषण र नेकपाकालीन विश्लेषण आम रूपमा सही छन् ।

– नेपाली क्रान्तिका आफ्नै विशेषता छन् । यो क्रान्ति न त युरोपमा सम्पन्न पुँजीवादी क्रान्ति जस्तै पुँजीपति वर्गको एकल नेतृत्वमा सम्पन्न भई पुँजीवादी व्यवस्था स्थापनामा गएर टुङ्गियो, न चीनमा जस्तै श्रमजीवी वर्गको एकल नेतृत्वमा जनताको जनवादी क्रान्ति सम्पन्न भई जनवादी गणतन्त्र स्थापना गरेर पूरा भयो । यस क्रान्तिमा वैचारिक नेतृत्व र मुख्य संवाहकको भूमिकामा श्रमजीवी वर्गका प्रतिनिधि वामपन्थीहरू थिए, तर उदार पुँजीवादी वर्ग पनि सँगसँगै थियो ।

— दुई शक्तिहरूको संयुक्त नेतृत्वमा अगाडि बढेको हुनाले यसका आफ्नै सीमाहरू छन् ।

— क्रान्तिपश्चात्को संरचनामा दुबै वर्गको उपस्थिति, पहुँच र प्रभाव छ ।

– राणाशासन समाप्त पारेर नेपाली समाजलाई खुल्लापनमा प्रवेश गराउने २००७ सालको क्रान्ति र निर्दलीय तानाशाही व्यवस्था समाप्त पारेर बहुदलीय प्रजातन्त्र स्थापना गर्ने २०४६ सालको आन्दोलनको तुलनामा यसका प्रभावहरू धेरै फराकिला र गहिरा छन् ।

— राजतन्त्र अन्त्य भएको छ, समावेशी र सङ्घीय प्रणाली स्थापना भएको छ, सामाजिक न्याय र अधिकार स्थापित भएका छन् ।

— समाजवाद-उन्मुखका रूपमा राज्यको परिभाषा गरिएको छ । प्रणाली परिवर्तनका दृष्टिले यसको प्रभाव गुणात्मक महत्वको छ ।

– तर राज्यसंरचनाका कतिपय तहमा पुरानो व्यवस्थाका अवशेष कायमै छन् ।

— सरकारले परिवर्तनकारी कदम चाल्दा कहिले अदालत, कहिले कर्मचारीतन्त्र त कहिले राज्यका अन्य अङ्ग असहयोगी बन्ने गरेका छन् ।

— परिवर्तनलाई अवरूद्ध गर्न खोज्ने अधिसंरचनाभित्रका विभिन्न अङ्ग र सामन्ती सांस्कृतिक चिन्तनको रूपान्तरण बाँकी छ ।

– शासन प्रणालीमा परिवर्तनको तुलनामा आर्थिक-सामाजिक संरचना बदलिएको छैन । जमिनमाथिको सामन्ती भूस्वामित्व समाप्त हुँदै गएको भए पनि पुँजीमाथि सीमित वर्गको वर्चस्व झनै बढ्दै गएको छ । त्यसले हरेक क्रान्तिले पूरा गर्नु पर्ने अभिभारा- एक वर्गको हातबाट अर्को वर्गको हातमा राज्यसत्ता हस्तान्तरण गर्ने, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादक शक्ति अनुकूलको उत्पादन सम्बन्ध विकास गर्ने जस्ता कतिपय विषय अधुरै छन् ।

- हामीले यस क्रान्तिलाई बुझ्दा यसका सीमासहित नै बुझ्नु जरूरी छ । युगान्तकारी परिवर्तनलाई अवमूल्यन गरेर या पछि विकसित हुने प्रतिकूलतालाई हेरेर यो क्रान्ति नै होइन भन्नु जनताको उत्सर्ग, शहीदको बलिदान र यसमा पार्टीको नेतृत्वदायी भूमिकालाई अवमूल्यन गर्नु हो । तर यसले क्रान्तिका सम्पूर्ण अभिभारा पूरा गरिसकेको छ भन्ने अर्थमा बुझियो भने अर्को विचलनमा फसिने छ । यसो गर्दा हामीले अधिसंरचनामा रहेका बदल्न बाँकी पक्षहरूको रूपान्तरणको खाँचोलाई बिर्सेका हुने छौं । विभिन्न माध्यमबाट श्रमजीवी वर्गको हातमा उत्पादनका साधनको पहुँच सुनिश्चित गर्ने कुरालाई वेवास्ता गरेका हुने छौं र नयाँ उत्पादन सम्बन्ध विकासमा हाम्रो भूमिका निष्प्रभावी हुने छ ।
- सबैभन्दा महत्वपूर्ण कुरा, यो क्रान्ति श्रमजीवी र पुँजीपति वर्गका प्रतिनिधिहरूको संयुक्त नेतृत्वमा सम्पन्न भएको हुनाले क्रान्ति कुन दिशामा अगाडि बढ्छ भन्ने कुरा प्रतिष्पर्धामा कुन वर्गले श्रेष्ठता हासिल गर्छ भन्ने कुराले तय गर्ने छ ।
- हाम्रो क्रान्ति अन्य वर्ग र शक्तिमाथि 'अधिनायकत्व' लागू गरेर श्रमजीवी वर्गले एकल शासन गर्ने क्रान्ति होइन । यो त संवैधानिक प्रबन्ध अनुसार, जनताको अभिमत लिएर, संविधानको सर्वोच्चता, विधिको शासन र शक्ति पृथकीकरण जस्ता लोकतान्त्रिक मान्यताको दायराभित्रबाट अगाडि बढ्ने क्रान्ति हो ।
- प्रतिष्पर्धामा श्रमजीवी वर्ग पछाडि पर्नासाथ क्रान्तिका कैयौं उपलब्धिहरू सङ्कुचनमा पर्ने, निस्तेज हुने र उल्टिने जोखिम हमेशा रहिरहन्छ । त्यसैले क्रान्ति सम्पन्न भएको व्याख्या गरिरहँदा हामीले आर्थिक-सामाजिक रूपान्तरणको काम बाँकी नै रहेको अर्थमा बुझ्नु पर्छ ।
- कमरेड मदन भण्डारीले राजनीतिक रूपमा जनवादी क्रान्ति सम्पन्न भइसकेपछि पनि समाजवादमा प्रवेश गर्नु पूर्व समाजले विभिन्न उपचरणहरू (सामन्तवादका अवशेष उन्मूलन गर्ने, जनताको जनवादी व्यवस्थालाई सुदृढ गर्ने र समाजवादको तयारी गर्ने) पार गर्नु पर्ने र समाजवादमा प्रवेश गर्ने हतारोमा समाज विकासका स्वाभाविक प्रक्रियालाई उपेक्षा गर्न नहुने कुरामा विशेष जोड दिनु भएको छ । समाज विकासका वस्तुगत नियमहरूको अध्ययन र समाजवादी मुलुकहरूका अनुभवहरूमाथि आधारित यस निष्कर्षको सान्दर्भिकता आज पनि उत्तिकै छ । तसर्थ, पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न भएको हुनाले र समाज पुँजीवादी बनिसकेकाले अबको कार्यक्रम समाजवादी कार्यक्रम हुने या जनताको बहुदलीय जनवादको सान्दर्भिकता नरहेको निष्कर्षमा पुगियो भने त्रुटिपूर्ण मात्रै होइन, हानीकारक हुने छ ।
- वर्तमान युग समाजवादी क्रान्तिको युग हो र जनवादी क्रान्ति पनि वृहत्तर अर्थमा समाजवादी क्रान्तिकै अङ्गका रूपमा रहेको यथार्थ हो । तर समाजवाद-उन्मुख भन्नु र समाजवादी भन्नु गुणात्मक रूपले नै फरक कुरा हो । आज हामीले अगाडि सार्ने कार्यक्रम समाजवादी कार्यक्रम होइन, समाजवादको आधार तयार गर्ने कार्यक्रम हो ।

- हामीले २०४९ मा अगाडि सारेको जनताको बहुदलीय जनवादी कार्यक्रमभित्रका सामन्तवाद र राजतन्त्रको अन्त्य एवं लोकतान्त्रिक गणतन्त्र स्थापना जस्ता अभिभारा पूरा भएका छन् । तर-
    - सामन्तवादका अवशेषहरू उन्मूलन गर्न बाँकी छ, दलाल पुँजीवादको चङ्गुलबाट मुक्त गर्दै राष्ट्रिय पुँजीको विकास गर्न बाँकी छ ।
    - परनिर्भरतालाई अन्त्य गर्दै मुलुकलाई आत्मनिर्भर बनाउन बाँकी छ ।
    - राष्ट्रिय स्वाधीनतालाई चुनौती दिने वाह्य हस्तक्षेपको पूर्ण अन्त्य, असमान सन्धीहरूको पुनरावलोकन तथा गुमेको भूभाग फिर्ता गर्ने लगायतका विषय टुङ्ग्याउन बाँकी छ ।
    - राष्ट्रियता र सार्वभौमसत्तालाई थप सुदृढ गर्न बाँकी छ ।
    - नयाँ उत्पादन सम्बन्धको आधारमा उत्पादक शक्तिको विकास गर्न बाँकी छ ।
    - श्रमजीवी वर्गलाई ज्याला आर्जक वर्गमा मात्रै सीमित नगरी सार्वभौम नागरिकमा रूपान्तरण गर्न उत्पादन प्रक्रियामा मात्र होइन, वितरणमा र राज्यमा श्रमजीवी वर्गको पहुँच र वर्चस्वलाई विस्तार गर्न बाँकी छ ।
- हाम्रो तात्काालिक कार्यक्रमका मुख्य तत्वहरू यिनै हुन् । यिनलाई 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा सफल पार्ने गरी व्याख्या गर्न सकिन्छ । सारमा, यो जनताको बहुदलीय जनवादकै कार्यक्रम हो, जसले समाजवादको आधार तयार गर्छ ।
- मार्क्सवाद-लेनिनवाद हाम्रो मार्गदर्शक सिद्धान्त हो । मार्क्सवाद मूलतः समाजलाई बुझ्ने, विश्लेषण गर्ने र रूपान्तरण गर्ने पद्धति हो । मार्क्सवादका सार्वभौम सच्चाइलाई आफ्नो मुलुकको ठोस परिस्थितिमा सिर्जनात्मक ढङ्गले लागू गर्ने क्रममा हरेक देशका क्रान्तिका मौलिक सिद्धान्तहरू विकसित हुन्छन् । यसरी लागू गर्ने क्रममा प्रत्येक मुलुकको क्रान्तिको बाटो भिन्न, मौलिक र विशिष्ट प्रकृतिको हुनु अनिवार्य हुन्छ ।
- यसरी मार्क्सवादको समष्टि प्रत्येक मुलुकमा विकसित हुने मौलिक सिद्धान्तको व्यष्टिमा अभिव्यक्त हुन्छ । अर्को अर्थमा, प्रत्येक मुलुकको विशिष्ट कार्यक्रम रुपी व्यष्टिमै मार्क्सवादको समष्टि अन्तरनिहित हुन्छ । मार्क्सवाद- लेनिनवादको मार्गदर्शन भनेको खासमा त्यस मुलुकमा विकसित क्रान्तिका मौलिक सिद्धान्तहरूको मार्गदर्शन भन्ने बुझिन्छ, मार्क्सवादको राष्ट्रिय संस्करण भन्ने बुझिन्छ ।
- मार्क्सवादलाई नेपालको विशिष्ट परिस्थितिमा लागू गर्ने क्रममा नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादको विकास भएको छ । हाम्रो

पार्टीले सुरूदेखि नै नागरिक अधिकार र लोकतन्त्र प्राप्तिको मुद्दालाई आफ्नो प्रमुख मुद्दा बनाउँदै आएको छ । यस क्रममा कम्युनिष्ट पार्टी नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्ग र नेतृत्वका रूपमा विकसित भएको छ । पार्टीले नेपालको विविधतायुक्त संरचना र बहुलवादी चरित्रलाई पनि आत्मसात गर्दै आएको छ । बहुलताको सम्मान गर्ने विषय पनि हाम्रो विशेषताका रूपमा रहँदै आएका छन् । पार्टीले नेपाली जनताको आन्दोलनका तीनवटै पूर्ववर्ती धाराहरू- देशभक्ति, सामाजिक सुधार र लोकतन्त्रका धारालाई आत्मसात गर्दै तिनलाई आफ्नो कार्यक्रममा समाहित गरेको छ, नेपालको मौलिकतालाई आत्मसात गर्दै आएको छ ।

– मार्क्सवादलाई लागू गर्ने क्रममा विभिन्न मुलुकमा एकदलीय शासन प्रणालीको अभ्यास भयो । युद्धकालीन परिस्थितिका कारण नागरिक स्वतन्त्रतालाई सङ्कुचित र नियन्त्रित गर्दै लगियो । समाजवादको यही मोडललाई समाजवादको एकमात्र मोडलका रूपमा व्याख्या गरिएका कारण र विरोधीहरूका बद्नियतपूर्ण व्याख्या तथा प्रचार समेतले गर्दा मार्क्सवादका बारेमा विभिन्न भ्रम र अपव्याख्या प्रचलित भए । हामीले यसबाट आफूलाई मुक्त राख्नु पर्छ ।

– राज्यसत्ताको सार त्यसको वर्गीय चरित्र हो भने शासन प्रणाली त्यसको स्वरूप हो । राज्यसत्ताको द्वन्द्वात्मकता राज्यको वर्ग चरित्र र शासन प्रणालीको अन्तरसम्बन्धमा अभिव्यक्त हुन्छ । लोकतान्त्रिक प्रणाली आफैमा पुँजीवादी विषय होइनन्, जनताको आन्दोलनका परिणाम हुन् । त्यसैले लोकतान्त्रिक प्रणालीलाई पुँजीवादी शासन व्यवस्थाको पर्याय ठान्नु गलत हुन्छ ।

– जनवादी होस् या समाजवादी, दुवै व्यवस्थामा समाज वर्गीय नै हुन्छ । त्यस्तो समाजमा एकभन्दा धेरै वर्गहरूको अस्तित्व हुनु अनिवार्य हुन्छ । समाज वर्गीय हुँदासम्म एकभन्दा बढी विचारहरूको अस्तित्व रहनु स्वाभाविक हो । बहु-विचारहरूको अस्तित्व रहँदासम्म तिनलाई प्रतिनिधित्व गर्ने राजनीतिक सङ्गठनहरूको अस्तित्व रहनु पनि स्वाभाविक हो । त्यसैले समाज वर्गीय हुनु तर शासन व्यवस्था एकदलीय हुनु आफैमा विरोधाभाष हो । त्यसैले समाज वर्गीय रहँदासम्म बहुदलीय प्रतिष्पर्धाको अवस्था रहनु द्वन्द्ववादको स्वाभाविक नियम हो । प्रतिक्रान्तिकारी, पश्चगामी या परिवर्तन विरोधी शक्तिलाई संविधानको माध्यमबाट नियन्त्रण गर्नु आवश्यक होला । तर समाजको यस स्वाभाविक अवस्थालाई जबर्जस्ती नियन्त्रण गर्नु गलत हुन्छ ।

– कमरेड मदन भण्डारीले समाजको यही द्वन्द्वात्मकताको मार्क्सवादी व्याख्या गर्दै जनताको बहुदलीय जनवादको सिद्धान्त विकास गर्नुभएको हो । जबजको विकासमा समाजवादी क्रान्तिका अनुभवहरू एवं सोभियत मोडलको समाजवादको असफलताका निष्कर्षले पनि योगदान गरेका छन् ।

– मार्क्सवादी दर्शन, नेपाली क्रान्तिका अभ्यास एवं विश्व कम्युनिष्ट आन्दोलनका अनुभवमाथि आधारित भएर विकास गरिएको जनताको बहुदलीय जनवादको

सहीपना नेपाली राजनीतिका विगत तीस वर्षको अभ्यासले पुष्टि गरेका छन् । यस अवधिमा एकातिर नेपाली काङ्ग्रेसले पक्षपोषण गरेको नवउदारवादी चिन्तन र यथास्थितिवाद असफल भएको छ भने अर्कातिर हिंसा, अधिनायकवाद र एकदलीयताका सोच पनि विफल भएका छन् । नेपाली राजनीति आज आम रूपमा जनताको बहुदलीय जनवादको सोचबाटै प्रभावित छ । यसले जनवादी क्रान्तिको चरणमा मात्रै होइन, समाजवादी चरणमा पनि हामीलाई मार्गदर्शन गर्ने छ ।

– यस बीचमा विकसित नयाँ परिस्थितिको सन्दर्भ एवं हाम्रा आफ्ना अनुभवहरूका आधारमा यस सिद्धान्तलाई समयानुकूल विकास र समृद्ध गर्दै जानु पर्दछ ।

– पार्टीको रणनीतिले कार्यक्रमिक लक्ष्य हासिल गर्न नेतृत्वदायी, मुख्य र सहायक शक्तिको निर्क्यौल गर्छ । समाजका आधारभूत अन्तरविरोधको पहिचान र त्यसभित्रको प्रधान अन्तरविरोध निरूपण गर्छ । क्रान्तिको बाटो तय गर्दै लक्ष्य प्राप्तिको समग्र योजना समेट्छ । सामान्यतया रणनीति समाजको प्रधान अन्तरविरोधमा आधारभूत परिवर्तन नहुँदासम्म कायम रहन्छ । कार्यनीति भने तात्कालिक परिस्थिति र शक्ति सन्तुलनको अवस्थालाई ध्यानमा राखेर रणनीतिक लक्ष्य प्राप्तिका लागि गरिने सङ्घर्ष र सङ्गठनका स्वरूपहरू, तात्कालिक नारा र कामहरूलाई अभिव्यक्त गर्ने तत्काल गर्नु पर्ने कामहरूको समष्टि हो । कार्यनीति परिवर्तनशील हुन्छ ।

– माथि नै चर्चा गरिसकिएको छ, नेकपा (एमाले) को रणनीतिक लक्ष्य समाजवाद हो । श्रमजीवी वर्ग क्रान्तिको नेतृत्वदायी वर्ग र सम्वाहक शक्ति हो । यस वर्गको प्रतिनिधि संस्थाको हैसियतले कम्युनिष्ट पार्टीको राजनीतिक–वैचारिक नेतृत्व अनिवार्य छ । यस प्रक्रियामा राष्ट्रिय पुँजीपति वर्ग र देशभक्त व्यक्ति/समूह समेत आम जनतालाई पनि साथै लिनु पर्छ ।

  — अवशेषका रूपमा रहेको सामन्त वर्ग, दलाल पुँजीपति वर्ग र यिनका राजनीतिक प्रतिनिधिहरू क्रान्तिका वाधक पक्ष हुन् ।

– नेपाली समाजमा आधारभूत अन्तरविरोधका विभिन्न पक्ष विद्यमान छन् ।

  — नेपाल राष्ट्र र नेपालको स्वाधीनता, स्वाभिमान र सार्वभौमसत्तालाई कमजोर गर्न चाहने वाह्य शक्तिहरूबीच अन्तरविरोध छ ।

  — श्रमजीवी वर्ग र पुँजीपति वर्गबीच अन्तरविरोध विद्यमान छ ।

  — नेपाली जनता र दलाल/नोकरशाही पुँजीपति वर्गबीच अन्तरविरोध विद्यमान छ ।

  — राष्ट्रिय एकताका पक्षधर नेपाली जनता र विखण्डनकारी–अतिवादी तत्वहरूबीचको अन्तरविरोध पनि कायमै छ ।

– २०६२/६३ को परिवर्तन पश्चात् यी अन्तरविरोधहरूको स्वरूपमा परिवर्तन भए पनि पूर्ण समाधान भइसकेको छैन । तर उक्त आन्दोलनपश्चात् सामन्ती र दलाल पुँजीवादी वर्गको राजनीतिक प्रतिनिधि राजतन्त्र तथा नेपाली जनत( ाबीचको प्रधान अन्तरविरोधको स्थितिमा भने परिवर्तन भएको छ ।

– राजतन्त्रको अन्त्यसँगै नयाँ लोकतान्त्रिक राजनीतिक प्रणाली स्थापित भएको छ । जनता सार्वभौम बनेका छन् । जनताका प्रतिनिधिबाट निर्मित संविधानबाट मुलुक सञ्चालित हुन थालेको छ । जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट सरकार सञ्चालन हुने स्थिति निर्माण भएको छ ।

  — सरकारले कुनै जनविरोधी या राष्ट्रिय हित विरोधी निर्णय या काम गर्‍यो भने विषयवस्तुका आधारमा त्यसको विरोध हुन्छ । तर आन्दोलन या विद्रोहका माध्यमबाट समाधान गर्नु पर्ने तहको अन्तरविरोधका रूपमा त्यो सधै रहँदैन । जनमत या आवधिक निर्वाचनका माध्यमबाट त्यसको समाधान गर्न सकिन्छ ।

– विभिन्न राजनीतिक दलहरूसँग हाम्रो प्रतिष्पर्धा र प्रतिद्वन्द्विता छ । उदाहरणका लागि–

  — नेपाली काङ्ग्रेसको दलाल पुँजीवादी वर्ग चरित्र, नवउदारवादी पुँजीवादी बाटो, यथास्थितिवाद र राष्ट्रियताका विषयमा ढुलमुले एवं सम्झौतापरस्त क्रियाकलापप्रति हाम्रो विरोध छ । यो पार्टी हाम्रो मुख्य प्रतिष्पर्धी पार्टी हो ।

  — माओवादी केन्द्र, मूलतः 'प्रचण्ड' का अस्थिर, अवसरवादी एवं विभाजनकारी सोच र व्यवहारप्रति हाम्रो विमति छ ।

  — मधेस-केन्द्रित दलका सङ्कीर्ण, यथास्थितिवादी एवं राष्ट्रियताका विषयलाई असर पुर्‍याउने सोच र गतिविधिप्रति हाम्रो असहमति छ ।

  — कतिपय दलहरू राजतन्त्र फर्काउन चाहन्छन्, कति धर्मलाई राजनीतिक हतियार बनाउन चाहन्छन् । यसमा हाम्रो आपत्ति र विरोध छ ।

– तर बहुदलीय प्रतिष्पर्धाका आधारमा नेतृत्व हासिल गर्ने नीति लिएको पार्टीले कुनै दल विशेषलाई प्रमुख दुश्मन घोषणा गर्ने जस्ता कम्युनिष्ट आन्दोलनका अतिवादी गल्तीबाट भने मुक्त रहनु पर्छ ।

– नेपाली जनता न्याय, समानता, विकास र समृद्धि चाहन्छन् । यति ठूलो परिवर्तन पश्चात् आफ्ना दशकौं पुराना आशा र सपना पूरा हुने उनीहरूको अपेक्षा बिल्कुल जायज र स्वाभाविक छ । तर वर्तमान उत्पादन पद्धति पछ्यौटे छ, जसले उनीहरूका आकाङ्क्षा पूर्तिमा वाधा पारिरहेको छ ।  वितरण प्रणाली विभेदपूर्ण छ ।

– दलाल- नोकरशाही पुँजीवादले पछ्यौटे उत्पादन पद्धति र विभेदपूर्ण वितरण प्रणालीको संरक्षण गरिरहेको छ । यो वर्ग राष्ट्रिय पुँजीको विकास गर्न चाहँदैन । औद्योगिकरणलाई अवरूद्ध गर्छ । मुलुकमा रोजगारी सिर्जना गर्न खोज्दैन ।

—— कर छली गर्ने,

—— कालो धनलाई सेतो बनाउने,

—— राज्यको सम्पत्ति विभिन्न बहानामा दोहन गर्ने,

—— वस्तु र सेवामा स्वस्थ प्रतिष्पर्धालाई निषेध गर्दै एकाधिकार कायम गर्ने, र

—— राज्यका निकायहरूमा अनुचित प्रभाव पारी त्यसबाट संरक्षित हुने यो वर्ग हाम्रो अग्रगतिको वाधक वर्ग हो ।

– त्यसैले, नेपाली समाजको मूल अन्तरविरोध यसै वर्गको संरक्षण गर्ने शक्ति र प्रवृत्तिसँग विकसित हुनेछ ।

—— हामीले कानुनी र प्रशासनिक हस्तक्षेप तथा संरचनागत सुधार एवं रूपान्तरणका माध्यमबाट यस्तो प्रवृत्तिलाई निरूत्साहित र नियन्त्रित गर्नु पर्छ।

—— राष्ट्रिय पुँजीलाई प्रोत्साहित र विकसित गर्नु पर्छ ।

– संवैधानिक, शान्तिपूर्ण एवं लोकतान्त्रिक प्रतिष्पर्धाका माध्यमबाट समाजका सबै क्षेत्रमा श्रेष्ठता हासिल गर्दै राज्य संरचनामा श्रमजीवी वर्गको वर्चस्व विस्तार गर्नु, तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणबीच समुचित सन्तुलन कायम गर्नु, राज्यका सबै अङ्गको लोकतान्त्रिक रूपान्तरण गर्नु र जनताको बहुदलीय जनवादी कार्यक्रम लागू गर्दै समाजवादको आधार तयार गर्ने काम गरेर यस अन्तरविरोधको सही समाधान गर्न सकिन्छ । यदि क्रान्ति पछिको राज्य प्रणाली जनताका आकाङ्क्षा र देशका आवश्यकता पूरा गर्ने कुरामा सक्षम हुन सकेन, जनताले परिवर्तनको लाभ प्राप्त गर्न सकेनन् र लोकतान्त्रिक गणतन्त्रप्रतिको जनताको स्वेच्छिक समर्थनको दायरा विस्तार हुँदै जान सकेन भने उत्पन्न हुने असन्तुष्टि र वितृष्णाको लाभ जुनसुकै पश्चगामी शक्तिले लिन सक्छन् ।

– समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्तिका लागि सबै निर्वाचित संयन्त्र, जनप्रतिनिधि निकायलाई परिचालन गर्नु, जनवर्गीय सङ्गठनलाई आ-आफ्नो वर्ग वा समुदायको नेताको रूपमा स्थापित गर्नु, संसदमा रहेका दलहरूलाई संविधान, लोकतन्त्र र राष्ट्रियताको सुदृढीकरण, आर्थिक विकास र समृद्धिका लागि गोलबन्द गर्न प्रयास गर्नु, पश्चगमन, यथास्थितिवाद र धार्मिक, जातीय तथा क्षेत्रीय अतिवादलाई परास्त गर्दै सामाजिक सद्भाव र राष्ट्रिय एकता सुदृढ गर्नु, शान्ति र स्थायित्वलाई दिगो बनाउनु, वाह्य हस्तक्षेपका

विरूद्ध राष्ट्रिय स्वाधीनता, राष्ट्रिय हित र स्वाभिमानलाई सुदृढ पार्नु, भ्रष्टाचार, अनियमितता र रूढीवादका विरूद्ध तथा सुशासन, सामाजिक सांस्कृतिक सचेतना र रूपान्तरणको अगुवाइ गर्नु यतिबेला हाम्रो कार्यनीतिका मुख्य विशेषता हुन् ।

– राजनीतिक कार्यदिशाले रणनीतिक लक्ष्य, रणनीति र कार्यनीतिलाई संयोजन गर्छ।

– संवैधानिक, शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिस्पर्धाको बाटोबाट जनताको बहुदलीय जनवादको कार्यक्रम लागू गर्दै राष्ट्रिय पुँजीको विकास गर्नु र समाजवादको आधार निर्माण गर्नु हामीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाको सार हो । आवधिक निर्वाचन, सङ्घीय संसदसहित सबै तहका जनप्रतिनिधि निकाय र सरकार कामको मुख्य क्षेत्रको रूपमा रहन्छन् । तर हामी यत्तिमा सीमित रहँदैनौं । सामाजिक रूपान्तरण, जनसरोकार र राष्ट्रिय हितका प्रश्नमा आवश्यकता अनुसार जनपरिचालन गर्नु पर्छ, शान्तिपूर्ण र वैधानिक आन्दोलनका माध्यमबाट जनदबाब सृष्टि गर्दै अघि बढ्ने हाम्रो क्रान्तिको बाटो हो ।

प्रतिनिधि कमरेडहरू !

– कम्युनिष्ट पार्टी शारीरिक श्रम र बौद्धिक श्रममा सङ्लग्न सबै खाले श्रमजीवी वर्गको पार्टी हो । पार्टीले समाजका निम्न तथा मध्यम वर्ग र परिवर्तनमा सहयोगी हुने राष्ट्रिय पुँजीपति वर्गको हितको समेत प्रतिनिधित्व गर्छ । तर कम्युनिष्ट पार्टी श्रमजीवी वर्ग पक्षधरताबाट कहिल्यै विचलित हुन सक्दैन । कम्युनिष्ट पार्टीले विभिन्न वर्ग या समुदायका आन्दोलन सञ्चालनका लागि जनसङ्गठन निर्माण गर्न सक्छ । विभिन्न शक्तिसँग वर्गीय र राजनीतिक मोर्चा निर्माण गर्न सक्छ, जनताको अभिमत लिएर सत्ता सञ्चालन गर्न सक्छ । विकास निर्माण र सामाजिक रूपान्तरणका लागि पार्टीको भूमिका सङ्गीत निर्देशकको जस्तो हुनुपर्छ, जसले विभिन्न वाद्यवादकहरूलाई एउटै लयमा परिचालित गर्दै सुन्दर धुन निर्माण गर्छ ।

– कम्युनिष्ट पार्टी स्वेच्छिक रूपले सामाजिक परिवर्तनमा समर्पित हुन तत्पर, त्यसका लागि आवश्यक पर्दा बलिदान दिन तयार तथा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणबाट दीक्षित व्यक्तिहरूको अनुशासित, सचेत र स्वयंसेवी संस्था हो । त्यसैले पार्टी संरचना प्राविधिक विषय होइन । पार्टी निर्माणका वैचारिक आधार हुन् -

  — मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादको वैचारिक मार्गदर्शन,

  — द्वन्द्वात्मक-ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण,

  — श्रमजीवी वर्ग पक्षधरता,

  — देशभक्तिपूर्ण भावनाका साथ देश र जनताको पक्षमा निरन्तर क्रियाशीलता,

— राष्ट्रिय पुँजी निर्माण,

— प्रगतिशील उत्पादक शक्तिको विकास,

— स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको स्थापना,

— जनताको बहुदलीय जनवादको कार्यान्वयन तथा समाजवादका आधार निर्माणको कार्यदिशा,

— संसारभरका श्रमजीवी तथा शान्तिप्रेमी जनताको आन्दोलनप्रतिको ऐक्यवद्धता एवं विश्व मानवतावादको पक्षधरता ।

— दक्षिणपन्थी र उग्रवामपन्थी आवरणमा देखा पर्ने अवसरवाद विरूद्धको सतत् वैचारिक सङ्घर्ष,

— अनुभवको निरन्तर विश्लेषण र संश्लेषणका माध्यमबाट नेपाली क्रान्तिका सिद्धान्तको विकास प्रयोग गर्दै अघि बढ्ने ।

– शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिष्पर्धाका माध्यमबाट आफ्नो श्रेष्ठता हासिल गर्न आम जनताको स्वेच्छिक तथा अविच्छिन्न समर्थन अनिवार्य पूर्वशर्त हो । खुल्ला समाज, आपसमा प्रतिष्पर्धारत वर्गीय शक्तिहरूको उपस्थिति, साधनस्रोत र वाह्य समर्थन प्राप्त वुर्जुवा एवं पश्चगामी वर्गको प्रतिरोधका बीच कम्युनिष्ट चरित्र कायम राख्दै निरन्तर विजय प्राप्त गर्नु सहज छैन । पूँजीवादी भूमण्डलीकरणको सांस्कृतिक प्रभाव, व्यक्तिवाद, उपभोक्तावाद, गलत वैचारिक मान्यता एवं समाजमा विद्यमान पछौटे चिन्तनका बीचबाट कम्युनिष्ट पार्टीले आफूलाई निरन्तर नैतिक र आचरणगत रूपमा स्वच्छ, पारदर्शी र जनमुखी बनाइरहनु चुनौतीपूर्ण छ । परम्परागत राज्यसंरचना र प्रतिकूल विश्व परिस्थितिका चुनौती कायमै छन् ।

– तसर्थ, कम्युनिष्ट पार्टीले आफूलाई हमेशा जनताको सेवकका रूपमा प्रस्तुत गर्नुपर्दछ । जनताको अपेक्षा र आकाङ्क्षामा आफूलाई खरो उतार्नु पर्दछ । आफूभित्र निरन्तर शुद्धीकरण गरिरहनु पर्दछ र जनताको बदलिँदो चाहना अनुरूप अद्यावधिक भइरहनु पर्दछ । बहुदलीय प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न समाजका विभिन्न तप्काको मत प्राप्त गर्नुपर्ने आवश्यकता र सर्वहारा श्रमजीवी वर्ग पक्षधरतालाई जोगाइराख्ने दायित्वका बीचमा सन्तुलन मिलाउन विशेष कुशलता प्रदर्शन गर्नुपर्दछ ।

– पार्टी निर्माणका आधारस्तम्भ पार्टी सदस्य हुन् । कठिन परीक्षा पश्चात् मात्र हासिल हुने सदस्यता प्राप्तिलाई गुणस्तरहीन बनाउनु हुँदैन । पार्टीको सार्वभौमसत्ता सारतः पार्टी सदस्यमै निहित रहन्छ तथा पार्टीको नीति तथा नेतृत्व निर्माणको निर्णायक स्रोत पार्टी सदस्य नै हुन्छन् । पार्टी निर्माणको जगका रूपमा रहेका पार्टी सदस्यकै गुणस्तर कमजोर भयो र पार्टी सदस्यता

प्रदान गर्ने विधि मनोगत भने पार्टी कमजोर हुन्छ । पार्टी सदस्यता प्राप्त गर्नुपूर्व निजले सकभर कुनै न कुनै जन-वर्गीय सङ्गठनमा निश्चित अवधि व्यतीत गरेको, पार्टीद्वारा सञ्चालित अभियान/आन्दोलनमा सक्रिय सहभागी भएको र सदस्यता प्राप्त गर्नु पूर्व आधारभूत ज्ञान हासिल गर्न एक तहको प्रशिक्षण हासिल गरेको कुरा सुनिश्चित गर्नु पर्छ ।

– मुलुकमा सङ्घीयता कार्यान्वयन भइसकेको परिप्रेक्ष्यमा हाम्रो कमिटी प्रणाली पनि मूलतः मुलुकको सङ्घीय र प्रशासनिक संरचना अनुरूपकै हुनुपर्दछ ।

– पार्टीमा सङ्गठित हुन तथा समर्पित हुन तयार व्यक्ति मात्रै पार्टीको संगठित सदस्य हुनसक्ने तथा व्यक्ति सङ्गठनको, मातहत कमिटी माथिल्लो कमिटीको र अल्पमत बहुमतको मातहत रहनु पर्ने जस्ता लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका मान्यता आज पनि सान्दर्भिक छन् । यिनलाई सिर्जनात्मक ढङ्गले र आफ्नो विशिष्ट स्थिति अनुरूप लागू गर्नु पर्छ ।

  —— आन्तरिक पार्टी जनवादका आधारमा निर्मित वैचारिक केन्द्रियताले नै सङ्गठनात्मक केन्द्रियता निर्माण हुन्छ ।

  —— जनवादी केन्द्रियतालाई जनवाद र केन्द्रियताको द्वन्द्वात्मक एकताको अर्थमा ग्रहण गर्नु पर्दछ ।

– फौजी ढाँचाको सङ्गठन, अत्यधिक केन्द्रीकरण र भूमिगत कार्यशैली जस्ता कतिपय अन्तर्राष्ट्रिय र आफ्नै अनुभव आज सान्दर्भिक छैनन् ।

– खुकुलो जनपार्टी (मास पार्टी) को अवधारणा वुर्जुवाहरूका पार्टी निर्माणको आधार हो । संसारका प्रायशः कम्युनिष्ट पार्टीहरूले कार्यकर्ता पार्टीको मान्यता अनुरूप पार्टी निर्माण गरेका छन् । हामीले पार्टीको नीति, नेतृत्व निर्माण तथा समस्त पार्टी सञ्चालनमा पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूको निर्णायक भूमिका रहने तर आम जनताको समर्थनमा मात्र अघि बढ्ने नीति अङ्गालेका छौं । यसलाई हामीले 'जनआधारित कार्यकर्ता पार्टी नीति' भन्ने गरेका छौं । यसका मुख्य विशेषता हुन्-

  —— कम्युनिष्ट पार्टी स्वयं र यसका नेता र कार्यकर्ता आवधिक निर्वाचनमा जनताबाट अनुमोदित हुनु पर्छ ।

  —— कम्युनिष्ट पार्टीले निर्वाचनमा विजय हासिल गरेर सरकार सञ्चालन र समग्र राज्यको नेतृत्व गर्छ । तर यो आफैमा राजकीय पार्टी होइन । यो हमेशा राजनीतिक पार्टीका रूपमा रहिरहनु पर्छ ।

  —— समाज र लोकतान्त्रिक प्रणालीमा प्रतिस्पर्धा आजको राजनीतिको यथार्थ हो । यस प्रतिष्पर्धालाई स्वीकार गर्ने मात्रै होइन, कम्युनिष्ट पार्टीलाई त्यस प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न सक्ने गरी सुदृढ र लोकप्रिय बनाई राख्नु पर्दछ ।

— राज्य सञ्चालनको नेतृत्व र मुलुकलाई समृद्ध बनाउने अभियानको अगुवाइ गरिरहेको पार्टी पङ्क्तिमा सामान्य राजनीतिक चेतना भएर मात्रै पुग्दैन । खास बिषयमा विशेषज्ञता आर्जन गरेका विज्ञ समेत सङ्गठित भएको पार्टी बन्नु पर्दछ ।

— समाजमा जस्तै राजनीतिक क्षेत्रमा पनि विविधता एउटा यथार्थ हो । त्यसैले हामीले राजनीतिमा पनि विविधतालाई स्वीकार गर्नु पर्दछ । भाइचारा र मित्र पार्टीबीच उत्पन्न हुन सक्ने नीतिगत भिन्नतालाई सहज रूपमा लिनु पर्दछ र एकरूपतामा एकता होइन, विविधतामा एकता खोज्नु पर्दछ ।

— समाजमा लोकतन्त्रका लागि लड्ने र त्यसको अगुवाइ गर्ने कम्युनिष्ट पार्टीले आफ्नो आन्तरिक जीवनमा पनि उन्नतस्तरको लोकतन्त्र अवलम्बन गर्नु पर्दछ । त्यसैले हाम्रो पार्टीलाई आन्तरिक लोकतन्त्र उन्नत भएको पार्टीका रूपमा स्थापित गर्नु पर्दछ । नीति, विधि र नेतृत्व निर्माणमा पार्टी सदस्यको निर्णायक भूमिका र सार्वभौमसत्तालाई प्रत्याभूत गरिनु पर्छ ।

— पार्टीमा नीति र नेतृत्वको परिक्षण एवं आवधिक अनुमोदनको व्यवस्था गर्नु पर्दछ ।

— महाधिवेशन पार्टीमा असहमतिहरू भएमा तिनको समाधान गर्ने र नेतृत्व निर्माण गर्ने थलो बन्नु पर्छ । नीति र नेतृत्वका बारेमा नयाँ र अन्त्यहीन विवाद सुरू गर्ने थलो होइन । सातौं र आठौं महाधिवेशनमा हामीले अस्वस्थताका विभिन्न रूपहरू देख्यौं । आफू अनुकूल हुनेगरी प्रतिनिधि थप गर्ने मात्रै हैन, मतगणनाका क्रममा मतपेटिका नै साटिने जस्ता विकृत राजनीतिक अभ्यास पनि भए । हामीले पार्टीको आन्तरिक जीवनमा यस्ता क्रियाकलाप कहिल्यै हुन नदिने सुनिश्चित गर्नु पर्दछ ।

– पार्टी र जनसंगठनका संरचना अति नै ठूला र भद्दा तथा बैठक नै हुन नसक्ने र कामकाजी नहुने स्थितिको अन्त्य गर्नुपर्छ । कार्यकर्ताले पार्टी विधान एवं मुलुकको संविधान र प्रचलित कानुनको पनि पालना गर्नु पर्छ ।

– अब हामीले आन्दोलनमा प्रशिक्षित हाम्रो पार्टी पङ्क्तिलाई उत्पादन, निर्माण र विकासको अनुकूल हुने गरी रूपान्तरित गर्नुपर्छ, कार्यकर्तालाई नयाँ कार्यभारका बारेमा प्रशिक्षित गर्नुपर्दछ ।

– विभिन्न समुदायमा पार्टीलाई स्थापित गर्न, पार्टी कार्यकर्ता तयार गर्ने नर्सरीका रूपमा विकास गर्न र विभिन्न समुदायका मागलाई पार्टीको आम आन्दोलनसँग आवद्ध गर्न जनवर्गीय सङ्गठनको भूमिका विशेष हुन्छ । परिवर्तित सन्दर्भ, पार्टीले वैधानिक रूपमै आन्दोलनको अगुवाइ गरिरहेको र सत्ताको नेतृत्व समेत गरिरहेको पृष्ठभूमिमा अब जनवर्गीय सङ्गठनको भूमिकालाई पुनर्परिभाषित गर्नु

जरूरी छ । लोकतन्त्रका लागि गरिने आन्दोलन र लोकतन्त्रमा गरिने आन्दोलन बीचको सीमा के हो, स्पष्ट पार्नुपर्छ ।

– सत्तामा रहेको बेला भ्रष्टाचार, विचलन, नोकरशाही शैली, व्यक्तिवाद, पदीय अहंकार, नैतिक र चारित्रिक स्खलन र जनताबाट अलगावको खतरा अन्य बेलामा भन्दा प्रबल हुन्छ । यस्ता प्रवृत्तिले प्रश्रय नपाउन् भन्नेतर्फ सचेत हुँदै त्यस्तो प्रवृत्ति र काम देखिएमा तत्काल सच्याउनु पर्छ ।

– पार्टी नेता कार्यकर्ताहरूको जीवनशैलीको निरन्तर अनुगमन गर्ने, सार्वजनिक रूपमा उठेका प्रश्नमा सार्वजनिक जवाफदेहिता कायम गर्ने र पार्टी नेता/कार्यकर्ताहरूलाई पार्टी विधान र राज्यको कानुन दुबैतिर उत्तरदायी बनाउनु पर्छ । वैचारिक–सांस्कृतिक अभियानलाई पार्टी निर्माणको अभिन्न अंग बनाउनु पर्दछ ।

– पार्टीका सिद्धान्त, कार्यक्रम, नीति, दृष्टिकोण र गतिविधिहरूका बारेमा जनतालाई निरन्तर सुसूचित गराउनु पर्छ । विरोधीहरूले फैलाउने वा फैलाएका आरोप, भ्रम र कुप्रचारको निरन्तर खण्डन गर्ने र उनीहरूका देश एवं जनता विरोधी रवैयाको आलोचना गर्नुपर्छ । व्यक्तिलाई केन्द्रित गरेर गरिने हमलाको सामूहिक प्रतिरक्षा गर्नु पर्छ र गलत गरेको भए कार्बाही गर्नु पर्छ । यसका लागि पार्टीको प्रचार संयन्त्रलाई सुदृढ र प्रभावकारी बनाउनु पर्छ ।

कमरेडहरू !

– २०७४ फागुन ३ गते हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन हुँदाको उत्साहपूर्ण वातावरण र परिस्थिति, नयाँ प्रणाली संविधानतः संस्थागत हुँदै गरेको अवस्था, बहुमतको सरकारले खडा गरेको राजनीतिक स्थिरताको आधार, सुरूवात हुँदै गरेको समृद्धिको यात्रामा आज अवरोध सिर्जना भएको छ । नयाँ युग तर्फको यात्रा गन्तव्यहीन हुन पुगेको छ । सरकार बदल्ने मात्रै होइन, पछिल्ला राजनीतिक घटनाहरूको अन्तरनिहित उद्देश्य विगत केही वर्षको अथक प्रयाशबाट तयार गरिएको र अगाडि बढाइएको राष्ट्रिय हितको रक्षा र स्वाभिमान वृद्धिका उपलब्धिलाई उल्ट्याउने कुरामा केन्द्रित छ । लोकतन्त्रको सुदृढीकरण र यसलाई जनताको जीवनसँग जोड्ने अभियानलाई असफल बनाउने उद्देश्यमा लक्षित छ । सामाजिक न्याय र समाजवादको आधार तयार गर्ने प्रयासलाई विफल बनाउने दिशामा उन्मुख छ । मुलुकलाई पुनः अस्थिरता, अन्यौल र द्वन्द्वतिर धकेल्दै राष्ट्रिय एकतालाई कमजोर गर्ने र वाह्य चलखेल बढाउन प्रवृत्त छ । सारमा, जनतामा जागेको आत्मविश्वास, भरोसा र आशावादमाथि तुषारापात गर्दै त्यसै अन्यौलभित्र निहित स्वार्थ पूरा गर्ने कुरामा केन्द्रित छ ।

– यस पश्चगामी षडयन्त्रलाई विफल पार्दै समृद्धिको यात्रालाई निरन्तरता दिने सर्वोपरि महत्वको कार्यभार पार्टीका सामु छ । यसका लागि पार्टीलाई राज्य

सञ्चालनको केन्द्रभागमा पुनःस्थापित गर्नु अनिवार्य पूर्वशर्त हो । यिनै दुई मुख्य कार्यभारले हाम्रा अन्य कार्यभारलाई दिशानिर्देशित गर्दछन् ।

अन्त्यमा,

– आन्दोलनका सामु उपस्थित वर्तमान चुनौतीहरू अस्थायी हुन् । आफ्नो ७२ वर्ष लामो यात्रामा मुलुकको लोकतन्त्र र कम्युनिष्ट आन्दोलन दुबैले अनेकौं धक्का खाएका छन्, अस्थायी पराजय भोगेका छन् । तर हामी हरेक चोटी धुलो टक्टक्याउँदै उठेका छौं, घाउहरू निको पारेका छौं र थप उर्जा एवं वेगका साथ लक्ष्यतर्फ अगाडि बढेका छौं । यही यात्राका क्रममा नेपाली कम्युनिष्ट आन्दोलन आज मुलुककै नेतृत्वदायी शक्तिका रूपमा स्थापित भएको छ । समाजका हरेक आयामलाई बाटो देखाउन सफल भएको छ । इतिहासका अनुभव र शिक्षाको आलोकमा कमी कमजोरीहरूलाई हटाउँदै एवं उपलब्धिहरूको रक्षा गर्दै देशभक्ति र जनसेवाको उच्च भावनाका साथ अगाडि बढौं । आन्दोलनमा सङ्कट उत्पन्न भएको बेला युवा-विद्यार्थी लगायत नयाँ पुस्ताले प्रदर्शन गरेको साहस र उत्साह आन्दोलनका लागि ठूलो उर्जा हो । वर्तमान र भावी पुस्ताका लागि समृद्ध, सबल र विकसित राष्ट्र एवं न्यायपूर्ण र समुन्नत समाज हस्तान्तरण गर्ने यस अभियानमा केन्द्रित भएर लागौं, सफलता अवश्यंभावी छ ।

केपी शर्मा ओली<br>
अध्यक्ष<br>
असोज १५, २०७८